# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९८१५४००, ९८४११५९२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३१० | काठमाडौं | बिहीबार, २२ फागुन २०८१ | Prabhab National Daily | Thursday, March 06, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा निर्माणाधीन केबलकार खारेजीको मागसहित बुधबार राजधानीमा निकालिएको विरोध र्‍यालीमा सहभागी एक महिला । उनको अनुहारभरि 'नो केबलकार' लगायतका नारा लेखिएको थियो । *तस्बिरः मनिष राई/प्रभाव*

# आइजिपी बन्ने दौडमा तीन एआइजी

## एआइजीहरु टेकबहादुर तामाङ, दीपक थापा र सुदीप गिरीमध्ये एक जना बन्ने छन् नयाँ आइजिपी

**■ जेबी योञ्जन**

**काठमाडौं–** नेपाल प्रहरीले आगामी दुई सातामै ३१औं प्रहरी महानिरीक्षक (आइजिपी) पाउँदै छ । महानिरीक्षकका लागि प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)हरू टेकबहादुर तामाङ, दीपक थापा र सुदीप गिरी दौडमा छन् ।

एआइजी तामाङले काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको कमाण्ड सम्हालिरहेका छन् । उपत्यकामा शान्ति सुरक्षा कायम राख्न चुनौतीपूर्ण मानिने कार्यालयको कमाण्ड कुशलतापूर्वक सम्हालेर सिंगो प्रहरी संगठनको नेतृत्व सम्हाल्न योग्य रहेको उनले सन्देश दिएका छन् । यसअघि उनी जहाँ-जहाँ पुगे सार्वजनिकरूपमा प्रश्न उठेन । विवादरहित प्रहरी अधिकृतको छवि उनको छ ।

उनै एआइजी तामाङले प्रहरी महानिरीक्षकका लागि प्रयास गरिरहेका छन् । उनी एमालेनिकट मानिन्छन् । अहिले उनलाई प्रहरी महानिरीक्षक बनाउनुपर्छ भनेर एमाले नेताहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई 'लबिइङ' गरिरहेका छन् । अख्तियारका प्रमुख प्रेमकुमार राई पनि तामाङलाई महानिरीक्षक बनाउन जोडबल गरिरहेका छन् । उनका ससुरा पूर्वडिआइजी देवी तामाङ हुन् । उनी एमालेनिकट छन् । उनको घर झापामा हो ।

⏭ क्रमशः पृष्ठ २ मा



दीपक थापा



टेकबहादुर तामाङ



सुदीप गिरी

### आइजिपी कुँवरसँगै क-कसको अवकाश ?

आगामी चैत ५ मा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले अनिवार्य अवकास पाउँदै छन् । ३० वर्ष सेवा अवधिका कारण आइजिपी कुँवरसहित एआइजीहरू टेकप्रसाद राई, कुवेर कठायत, दुर्गा सिंह, बुद्धिराज गुरुङ र जनक भट्टराई अवकासमा जाने भएका हुन् । भट्टराईको बढुवा आइतबारमात्रै भएको हो । अवकास जानेमा डिआइजीहरू पनि छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# कांग्रेसको गुट महाधिवेशनअघि फुटैफुट

## सभापतिमा दर्जन आकांक्षी

- कांग्रेस संस्थापन पक्षमा चार गुट र संस्थापनइतरमा दुई गुटको संकेत
- उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरूङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा नेताहरु गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, डा शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंहदेखि प्रवक्ता डा. प्रकाशशरण महत सभापति बन्ने दौडमा
- १४औं महाधिवेशनमा शेखर टिमबाट महामन्त्री जितेका गगन थापाले यसपटक शेखरलाई साथ नदिने




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको आगामी सभापतिका लागि दर्जन आकंक्षी देखिएका छन् । विधानतः अब शेरबहादुर देउवा सभापति बन्न नपाउने भएसँगै आकंक्षीको ओइरो लागेको हो ।

सभापतिको उम्मेद्वारको लाइनमा उपसभापतिदेखि प्रवक्तासम्म कस्सिएका छन् । उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा नेताहरू गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, डा शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंहदेखि प्रवक्ता डा. प्रकाशशरण महतले सभापतिमा दाबी गरेका छन् ।

आफ्नो उपस्थिति देशभर कस्तो छ भन्दै हिजोआज यी नेताहरू देशदौडाहामासमेत निस्केका छन् । आइतबार सुर्खेत पुगेका कांग्रेस नेता एवं उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमानले आफू पुन सभापतिको उम्मेदवार बन्ने संकेत जनाए । 'जुन पदमा म छु, त्योभन्दा तल जान तयार छैन,' सिंहले भने, नेतृत्व परिवर्तन पार्टी विधानअनुसार नै हुन्छ । यसमा कसैले व्यक्तिगत स्वार्थ पूरा गर्ने भन्दा संस्थागत विकासलाई प्राथमिकता दिनुपर्छ ।'

कांग्रेसको १४औं महाधिवेशनमा सभापति पदका लागि, निधि, डा. शेखर, प्रकाशमान, कल्याण गुरुङ र युवराज न्यौपानेले उम्मेदवारी दिएका थिए । पछि निधि, प्रकाशमान, कल्याण र युवराजले देउवालाई साथ दिए । सभापतिमा शेखरले एक हजार ८१७ मत पाउँदा गगनले महामन्त्रीमा तीन हजार २३ मत पाएका थिए । सभापतिमा देउवाले दुई हजार ७२४ मत पाउँदै जित निकाले ।

### यसपटक के होला देउवा गुट ?

देउवा गुट अहिलेको केन्द्रीय समितिमा ८० प्रतिशतभन्दा बढी छ । यद्यपि देउवाकालको समाप्तिसँगै यो गुट छिन्नभिन्न हुने देखिन्छ । फागुन २ गतेमात्र यो गुटका नेताहरू १५औं महधिवेशनबाट चुनिने सभापतिको बारेमा देउवा निवास बूढानीलकण्ठमा जम्मा भएका थिए ।

उपसभापति खड्का, नेताहरू गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, प्रवक्ता डा. प्रकाशशरण महत उक्त भेलामा पुगेका थिए । सबै नेताको एकै मत थियो- सभापतिका उम्मेदवार संस्थापन गुटबाटै हुनुपर्छ ।

### को होला संस्थापनको उम्मेदवार ?

कांग्रेस नेताहरूको दाबीलाई आधार मान्ने हो भने पार्टीमा विरासत बोकेका नेताहरू निधि, शशांक र प्रकाशमान हुन् । यी तीन नेता एक हुने देखिएपछि सिटौलासमेत झस्किएका छन् । पद भागबण्डा मिलाएर सिटौलाले तीन नेतामध्ये एकलाई सभापतिको उम्मेदवारमा समर्थन गर्ने बताइन्छ । 'यसरी हेर्दा डा. शशांकलाई साथ दिने देखिन्छ,' कांग्रेसका एक पदाधिकारीले भने, 'यसो हुँदा कांग्रेस पार्टी जीवन्त बन्दै जाने छ ।'

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारका समस्याबारे तीन मन्त्रालयको बैठक

# घरेलु कामदार प्रतिबन्धले उल्टै समस्या निम्त्याएको ठहर

नेपाल सरकारले प्रतिबन्ध लगाए पनि कतिपय मध्यपूर्वी देशमा घरेलु कामदारका रूपमा नेपाली महिला अवैध बाटोबाट पुगेकै छन् । भोलि कोही समस्यामा परे उनीहरूको सुरक्षा तथा उद्धारको काम चुनौतीपूर्ण हुनसक्छ । त्यसैले सरकारले यस्तो प्रतिबन्ध हटाउने विषयमा सोच्नुपर्छ ।

**■ डा. आरजु राणा देउवा**
**परराष्ट्रमन्त्री**

हाल नेपालीहरु विश्वका ११० देशमा रोजगारीका लागि पुगेका छन् । घरेलु कामदारलाई मध्यपूर्वी देशमा जान रोकिए पनि अवैध बाटोबाट गइरहेकाले सोसम्बन्धी प्रावधानमा अब पुनःविचार गर्नुपर्छ ।

**■ शरतसिंह भण्डारी**
**श्रम, राजगार तथा सामाजिक सुरक्षामन्त्री**



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** पररामन्त्री डा. आरजु राणा देउवाले वैदेशिक रोजगारीमा रहेका अव्यावहारिक नीति तथा कानुन संशोधन गरेर सहज बनाउनुपर्नेमा जोड दिएकी छन् । वैदेशिक रोजगारीमा रहेका तथा नेपाली आप्रवासनका क्षेत्रमा हाल देखिएका समस्याबारे गृहमन्त्री रमेश लेखक र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग बुधबार भएको छलफलमा उनले यस्तो बताएकी हुन् ।

मन्त्री राणाले भिजिट भिसामा विदेश जान दिने प्रक्रियालाई व्यावहारिक रूपमा अनुगमन गर्न मन्त्रीद्वयसँग आग्रह गरिन् । श्रम स्वीकृतिसम्बन्धी व्यवस्थालाई सहजीकरण गर्न तथा अप्ठेरोमा परेका नेपाली डायस्पोराको उद्धारबारे एक स्वीकृत नियम बनाउन पनि परराष्ट्रमन्त्री राणाले सुझाव दिइन् । 'सरकारले कानुनीरूपमा रोके पनि अवैध बाटोबाट नेपालीहरू आखिर पुगिरहेकै छन् भने यस्ता प्रावधान अब किन राख्ने ?,' उनले भनिन् ।

वैदेशिक रोजगारीमा रहेका तथा नेपाली आप्रवासनका क्षेत्रमा हाल देखिएका समस्याको समन्वयात्मक रूपमा समाधान गर्ने विषयमा छलफल गर्न परराष्ट्रमन्त्री राणाले परराष्ट्र, गृह र श्रम तथा रोजगारमन्त्रीको संयुक्त बैठक आह्वान गरेकी थिइन् । बैठकमा गृहमन्त्री लेखक र श्रममन्त्री भण्डारीसँगै तीनवटै मन्त्रालयका सचिव सहभागी थिए । बैठकमा नेपालको श्रम तथा आप्रवासन क्षेत्रलाई थप व्यवस्थित गर्ने विषयमा छलफल भएको जानकारी दिइएको छ ।

रोजगारी, अध्ययन तथा अन्य कामका सिलसिलामा नेपाली कहाँ र कसरी पुगेका छन् भन्नेबारे परराष्ट्रलाई थाहा नहुने तर उनीहरूको उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने भएकाले यस विषयमा छलफल गर्न मन्त्री राणाले संयुक्त बैठक आह्वान गरेकी थिइन् । बैठकमा मन्त्री राणाले घरेलु कामदारमाथिको प्रतिबन्ध हटाउने विषयमा सोच्नुपर्ने बताइन् । 'नेपाल सरकारले प्रतिबन्ध लगाए पनि कतिपय मध्यपूर्वी देशमा घरेलु कामदारका रूपमा नेपाली महिला अवैध बाटोबाट पुगेकै छन्,'

⏭ क्रमशः पृष्ठ २ मा

**मन्त्रिपरिषद्को निर्णय**

# कुलमानलाई तीन दिने स्पष्टीकरण सोध्ने

- प्राधिकरणको प्रबन्ध निर्देशकबाट किन नहटाउने ? भन्दै तीन दिने स्पष्टीकरण सोध्ने निर्णय
- स्पष्टीकरण सोध्ने जिम्मा ऊर्जामन्त्री दीपक खड्कालाई
- खड्काले यसअघि पटक-पटक सोधिसके स्पष्टीकरण
- कुलमानको कार्यसम्पादनलाई सरकारले शून्य नम्बर दिएको विषयले तातियो संसद्, यसबारे जवाफ दिन सरकारलाई रूलिङ

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोध्ने भएको छ । बुधबार अबेर बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई 'प्राधिकरणको प्रबन्ध निर्देशकबाट किन नहटाउने ?' भन्दै तीन दिने स्पष्टीकरण सोध्ने भएको हो ।

मन्त्रिपरिषद् बैठकले स्पष्टीकरण सोध्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई जिम्मेवारी दिएको सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमेत रहेका सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । ऊर्जामन्त्री दीपक खड्काले यसअघि कुलमानलाई पटक-पटक स्पष्टीकरण सोधिसकेका छन् ।

मन्त्रिपरिषद्ले नियुक्त गरेका कारण घिसिङले आफूलाई ऊर्जामन्त्रीले स्पष्टीकरण सोध्ने अधिकार नभएको बताउँदै आएका छन् । यसअघि कुलमानको कार्यसम्पादनलाई सरकारले शून्य नम्बर दिएको थियो । त्यसपछि असन्तुष्ट कुलमानले आफूलाई जनताले सतप्रतिशत नम्बर दिइसकेको बताएका थिए ।



कुलमानलाई शून्य नम्बर दिइएको विषयले बुधबारको सदनसमेत तातेको थियो ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले यसबारेमा सभामुखमार्फत रुलिङ गर्नुपर्ने माग गरेका थिए । 'विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई निरन्तर स्पष्टीकरण सोध्ने र मूल्यांकनमा शून्य अंक आएको सुनेका छौं,' पाण्डेले भने, 'सरकारले उठाइरहेको विषयवस्तुलाई बेवास्ता गरेर जसले राम्रो काम गरेको छ, नाफामा लगेका छ, उसैलाई शून्य अंक दिइएको छ, यो के हो ?' त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पनि यो विषय सदनमा उठाएका थिए । रास्वपा सांसद मनिष झाले सरकारले घिसिङलाई हटाए हजारौं कुलमान ल्याउने चेतावनी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## आइजिपी...

प्रधानमन्त्री केपी शर्मा ओली पनि झापाकै हुनाले तामाङलाई प्रहरी महानिरीक्षकका लागि उनी सकारात्मक रहेको स्रोतले जनाएको छ। तामाङले यसअघि प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग प्रमुखको जिम्मेवारी पनि सम्हालेका थिए । प्रहरी नायव महानिरीक्षक (डिआइजी) हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हुँदा विराटनगर तालिम केन्द्र प्रमुख भएका थिए ।

प्रहरी उपरीक्षक (एसपी) हुँदा जिल्ला प्रहरी कार्यालय बाँके र प्रहरी पहरा गण मुख्यालय सामाखुसीको कमाण्ड सम्हालेको अनुभव तामाङसँग छ । प्रहरी नायव उपरीक्षक (डिएसपी) हुँदा इलाका प्रहरी कार्यालय धरान, प्रहरी वृत्त कालिमाटी, जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र खोटाङको कमाण्ड सम्हालेका छन् ।

प्रहरी नियमावली, २०७१ को नियम ४१ ले ज्येष्ठता, कार्य कुशलता, कार्य क्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमताका आधारमा आइजिपी नियुक्त गर्ने व्यवस्था छ । नेतृत्व प्रदान गर्न सक्ने कुशलता, आफूभन्दा मुनिका प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा सरकारले उपयुक्त देखेको एआइजीहरूमध्येबाट आइजिपी नियुक्त गर्ने छ । एआइजी नभएको खण्डमा भने डिआइजीहरूबाट आइजिपी नियुक्त गर्न सकिने व्यवस्था छ । यसपटक एआइजीहरू तामाङसहित थापा र गिरी छन् । थापा एआइजी बढुवामा तामाङ र गिरीभन्दा दुई साता ज्येष्ठ हुन् । भनिन्छ, उनको सम्बन्ध सत्ता गठबन्धनसँग राम्रो छ । राजनीतिक रूपमा एमाले र माओवादीसँग निकट थापाले पछिल्लो समय कांग्रेस नेताहरूसँग सम्बन्ध सुमधुर बनाएका छन् । यो उनको प्रहरी महानिरीक्षक हुने तयारीसँग सम्बन्धित छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा रहँदा थापाले बाल मन्दिरको सरकारी जग्गा प्रकरणमा मुद्दा नचल्ने गरी फाइल अघि बढाएका छन् । यो प्रकरणले उनी विवादित भए । भूमाफियाहरूलाई जोगाएको आरोपको सामना उनले गर्नुपऱ्यो । त्यसले गर्दा थापा विवादित छविका प्रहरी अधिकृत पनि हुन् ।

तर, उनले कांग्रेस र एमालेका नेतृत्वसँग राम्रो सम्बन्ध सुधार गरेकाले प्रहरी महानिरीक्षकका लागि अधिकतम सम्भावना बोकेको एआइजी भन्दै आएका छन् । थापा ६ चैत २०७९ मा तेस्रो नम्बरमा रहँदै एआइजीमा बढुवा भएका थिए । उनीभन्दा अगाडि आइजिपी कुँवर र टेकप्रसाद राई थिए । दुवैजना अवकाश हुन लागेका छन् ।

अघिल्लोपटक नै आइजिपीका दाबेदार देखिएका थापाले त्यसपटक बाजी मार्न सकेनन् । तर, अबको आइजिपीका लागि भने उनी पहिल्यैबाट ढुक्क छन् । थापाभन्दा एक सातापछि चैत १३ गते गिरी र तामाङ एआइजीमा बढुवा सिफारिस भएका थिए । यसले गर्दा पनि वरिष्ठताका आधारमा कतै थापालाई प्रहरी महानिरीक्षक बनाउनसक्ने सम्भावना प्रवल रहेको चर्चा छ ।

तामाङ र थापासँगै प्रहरी महानिरीक्षकको प्रतिस्पर्धामा अर्का एआइजी सुदीप गिरी छन् । उनी कांग्रेसनिकट मानिन्छन् । उनलाई यसअघि डिआइजीमा बढुवा गर्दा अगाडि ल्याइएको थियो । एआइजीमा पनि उनले आफ्नो वरीयता कायम राखे । कांग्रेसले चाहेमा आफूलाई आइजिपी बनाउन सक्ने विश्वास उनमा छ । कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि गिरीको सम्बन्ध राम्रो रहेको बताइन्छ ।

■■■

## आइजिपी...

गणेश चन्द, भोला रावल र ध्रुवराज विष्ट पनि आइजिपी कुँवरसँगै अवकाश पाउने छन् । प्रहरी नियमावली-२०७१ को १२७ (घ) मा प्रहरी अधिकारीको अधिकतम सेवा अवधि ३० वर्ष हुने प्रावधान छ । यही प्रावधानले कुँवरसहितका प्रहरी उच्च अधिकारीको एकै साथ बहिर्गमन हुने भएको हो ।

तर, प्रहरीमा ३० वर्षे सेवा अवधि हटाउने प्रावधानसहितको विधेयक संसदमा हाल विचराधीन छ । कहिले पारित हुन्छ भन्ने टुंगो छैन । त्यसले गर्दा कुँवरसँगै प्रहरी निरीक्षक भएका ब्याचीहरू एकैसाथ अवकासमा जाने भएको हो । कुँवरसहितले ५ चैत २०५१ बाट प्रहरी निरीक्षकबाट सेवा सुरु गरेका थिए । सरकारले कुँवरलाई १० चैत २०७९ मा प्रहरी महानिरीक्षक नियुक्त गरेको थियो ।

■■■

## कांग्रेसको गुट ...

शशांक उनै नेता हुन् जो १३औं महाधिवेशनमा रामचन्द्र पौडेल गुटबाट महामन्त्रीमा निर्वाचित भएका थिए । पछि उनी देउवाका सहयोगी बने । कांग्रेस चुनावमा नराम्ररी पराजित हुँदासमेत शशांकले देउवाको विरोध गरेनन् । १४औं महाधिवेशनमा शशांकले देउवालाई नै साथ दिएर केन्द्रीय सदस्यमा मात्र उम्मेदवारी दिए । प्रकाशमान र निधिले यो कुरा बुझेर शशांकलाई साथ दिने तयारी भएको बताइन्छ ।

खड्काले आफूलाई देउवाले साथ नदिने देखिएपछि महामन्त्री विश्वप्रकाशसँग 'टिमअप' गर्ने बताइन्छ । यो समूहमा प्रकाशशरण महतले पनि आफ्नै गुट बनाउने प्रयास गरिरहेका छन् । सिटौलाले पनि गुट बनाएमा यो समूहमा चार गुट बन्ने देखिन्छ ।

### संस्थापनइतरका शेखर-गगन अलगथलग

संस्थापनइतरमा डा. शेखरले फेरि पनि सभापतिमा उम्मेदवारी दिने तयारी गरेका छन् । शेखर टिमबाटै महामन्त्री जितेका गगन पनि सभापतिकै तयारीमा जुटेका देखिन्छन् ।

शेखर र गगनको पछिल्लो दौडधुप गण्डकी, लुम्बिनी र कर्णालीमा केन्द्रित देखिन्छ । नेता शेखरसँग केन्द्रीय सदस्यहरू एनपी साउद, डा. मिनेन्द्र रिजाल, नैनसिंह महर, दिनेश कोइरालाहरू मञ्चमा देखिन्छन् । रमेश लेखकलाई गृहमन्त्री बनाएपछि सभापति शेरबहादुर देउवासँग असन्तुष्ट साउद शेखर समूहमा भित्रिएका हुन् । यो समूहमा पछिल्लोपटक समूहमा बालकृष्ण खाण पनि थपिएका छन् । बेलायतबाट फर्केपछि विराटनगर मुकाम बनाउँदै देशदौडाहमा निस्केका छन् शेखर । सुर्खेत, लुम्बिनी, नेपालगञ्ज हुँदै मोरङ पुगेका कोइराला शुक्रबार झापा पुग्ने कार्यतालिका रहेको छ । महामन्त्री थापासँगै केन्द्रीय सदस्यहरू उमेशजंग रायमाझी, अजयबाबु शिवाकोटी, राधा घलेलगायत नेताहरू देखिन्छन् । थापा पाल्पा, सल्यान, रोल्पा, प्युठान हुँदै अहिले भैरहवा पुगेका छन् । गगनले शेखरबाट धार अलग गरिसकेको र सभापतिको उम्मेदवारी दिने पक्का भइसकेको उनीनिकट केन्द्रीय सदस्यहरू बताउँछन् ।

केन्द्रीय सदस्य रंगमती शाहीले शेखर गगन दुवैले सभापतिमा दाबी गरेको बताइन् । १४औं महाधिवेशनमा सभापतिमा शेखरले १८१७ मत पाउँदा गगनले महामन्त्रीमा ३०२३ मत पाएका थिए । यो समूहमा शेखरले संसदीय दलको निर्वाचनमा पनि एक भएर गगनलाई साथ दियो । यद्यपि देउवाले ६४ मत पाउँदा गगनले २५ मतमात्र पाए । त्यसपछि गगनले सात मत हराएको भन्दै शेखरसँग असन्तुष्टि जनाउन थाले । दुई नेताबीच बेलाबेला तिक्तता आएको खबर आए पनि शेखरले यसलाई अस्वीकार जारी राख्यो ।

सत्ताको रस्साकस्सीको क्रममा संस्थापनइतरले मौका पाइराख्दा गगनले आफ्नो भाग नपाएको भन्दै असन्तुष्टि जनाइरहे । कोशीमा केदार कार्की मुख्यमन्त्री बनेपछि शेखर गगनको बोलचाल महिना दिन बन्द नै भयो । 'वरिष्ठ नेताजीसँग एक महिनाजति भयो भेट नभएको । पत्रपत्रिकामा पढिरहेको छु । भेटघाट भएमा भनौं ल,' २०८० कात्तिक २ गते बत्तीसपुतलीमा नेपाल प्रेस युनियनले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा गगनले यो असन्तुष्टि पोखेका थिए ।

यद्यपि एक महिनाअघि २०८० असोज २ गते दुई नेताबीच बालुवाटारस्थित शेखरको सचिवालयमा केन्द्रीय समितिमा प्रस्तुत हुने एजेण्डाबारे छलफल हुँदा गगन उपस्थित भएका थिए । त्यसपछि २०८० मंसिर २६ गतेका लागि शेखरले डाकेको बैठकमा गगनले असन्तुष्टि देखाउँदै नआउने सूचना पठाए । उक्त बैठक भोलिपल्टका लागि सारेपछि गगन ढिलागरी बैठकमा पुगेका थिए । यसरी नै असन्तुष्ट गगन पछिल्लोपटक भने सभापति देउवासँग नजिक छन् ।

१३औं महाधिवेशनमा गगन कांग्रेसको 'थर्ड पोल' मानिएका कृष्ण सिटौला टिमबाट महामन्त्रीमा भिडेका थिए । १४औं मा गगनले आफूलाई छाडेर एक्लै बनाएको भन्दै सिटौलाले प्रदीप पौडेललाई देउवासँग 'टिमअप' गरी महामन्त्रीको उम्मेदवार बनाएका थिए ।

■■■

## घरेलु कामदार...

उनले भनिन्, 'कुवेतमा मात्र करिब ४८ हजार नखेपाली महिला पुगेको भन्ने सुनिएको छ । भोलि कोही समस्यामा परे उनीहरूको सुरक्षा तथा उद्धारको काम चुनौतीपूर्ण हुनसक्छ । त्यसैले सरकारले यस्तो प्रतिबन्ध हटाउने विषयमा सोच्नुपर्छ ।'

बैठकमा श्रम तथा रोजगारमन्त्री भण्डारीले श्रम कूटनीति अहिले नेपालका लागि अति आवश्यक रहेको बताउँदै घरेलु कामदारको श्रम स्वीकृतिसम्बन्धी नवीकरण गरेर व्यावहारिक बनाउनुपर्नेमा जोड दिए । उनले हाल नेपालीहरू विश्वका ११० देशमा रोजगारीका लागि पुगेका जानकारी दिँदै घरेलु कामदारलाई मध्यपूर्वी देशमा जान रोकिए पनि अवैध बाटोबाट गइरहेकाले सोसम्बन्धी प्रावधानमा अब पुनःविचार गर्नुपर्ने बताए ।

बैठकमा गृहमन्त्री लेखकले वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष बनाइ संशोधन गर्नुपर्ने सुझाव दिँदै वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याको समाधानका लागि परराष्ट्र मन्त्रालयले समन्वयात्मक भूमिकाको खोजी गरेकामा सराहना गरे । उक्त बैठकमा विविध कारणले संसारमा रहेका नेपालीलाई कुनै अप्ठेरो पऱ्यो र उद्धार गर्नुपर्ने अवस्था आयो भने त्यस्तो अवस्थामा परराष्ट्रमा रहेको सीमित स्रोत, साधन र जनशक्तिका कारण उद्धारको काम निकै कठिन हुँदै गएको विषयमा छलफल भएको थियो ।

■■■

## कुलमानलाई...

'कुलमान घिसिङजस्तो संस्थालाई फाइदामा पुऱ्याउनेहरूलाई मूल्यांकन शून्यमा गर्छौं । विभिन्न बहानामा कार्यकर्ता भर्ती गर्न पाइनँ भनेर निष्कासनको बहानाबाजी गरिरहेका छौं । प्रपञ्च सिर्जना गरिरहेका छौं,' झाले भने, 'खबरदार भन्न चाहन्छौं । एउटा कुलमान लखेटचौ भने हजारौं कुलमान लिएर आउँछौं ।'

ऊर्जामन्त्री खड्काले भने समयमै कार्यसम्पादन नबुझाएकोले नम्बर नपाएको बताएका छन् । 'विद्यार्थी जाँचमा उपस्थिति नहुँदा के हुन्छ ? यसमा पनि त्यही भएको हो । समयमै कार्यसम्पादन नबुझाएकाले अंक प्राप्त गर्न नसक्नुभएको हो,' बुधबार तनहुँको डुम्रे पुगेर मन्त्री खड्काले भने । खड्काले कुलमानलाई हटाउन सरकारले कुनै चलखेल नगरेको दाबीसमेत गरे । 'एउटा कर्मचारीलाई हटाउन सरकारले किन चलखेल गर्नुपर्छ र सरकारलाई आवश्यकता भएको बेला हटाउन सक्छ, आवश्यकताअनुसार कर्मचारी राख्न पनि सक्छ,' उनले भने ।

यसअघि कुलमान र ऊर्जामन्त्री खड्काबीच डेडिकेटेड र ट्रंकलाइन विद्युत्को शुल्कबारे विवाद भएको थियो । उद्योगीहरूबाट जसरी भए पनि डेडिकेटेड र ट्रंकलाइन विद्युत्को बक्यौता उठाउने अडानमा कुलमान र उद्योग धराशायी भएको बेला तत्काल शुल्क लिन नहुने पक्षमा मन्त्री उभिँदै आएका छन् ।

प्राधिकरणले गत माघ २७ गते बक्यौता विवादमा परेका उद्योगहरूको लाइन काट्ने विषयमा नियमन आयोगसँग सहमति माग्दै पत्र पठाएको थियो । ऊर्जा मन्त्रालयले मंसिर २ गते मन्त्रीस्तरीय निर्णयमार्फत टिओडी मिटर अध्ययन गर्न अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो । तर, तीन महिना बितिसक्दा पनि समितिले अध्ययन सुरु गर्न सकेको छैन ।

प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङले उक्त समितिलाई अवैधानिक भन्दै 'नोट अफ डिसेन्ट' नै लेखेका छन् । उनले समितिलाई आवश्यक तथ्यांकसमेत उपलब्ध नगराउने निर्णय गरेका थिए । डेडिकेटेड र ट्रंक लाइन महसुल नतिरेको भन्दै प्राधिकरणले गत कात्तिकमा उद्योगीको लाइन काटेको थियो ।


### माइग्रेसन हराएको सूचना

मिति २०८१/११/१५ गते कोटेश्वरदेखि पुतलीसडकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+२ तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : प्रदिप थापा**
**रजिष्ट्रेसन नं. : ६६२७४६१२८**
**सिम्बोल नं.: २२७४६११३**
**मोवाइल नं. : ९८४९८६३८६७**

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।१०।११ गतेदेखि २०८१।१०।२० का.जि. टोखा न.पा. वडा नं.८, बानियाटार गैरीगाउं स्थित सडकमा पार्किङ गरिराखेको रातो, कालो रङ्गको 220 cc Bajaj Pulsar मोटरसाइकल दिनको अन्दाजी २:०० बजे देखि ६:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिन सर्भ प्रा.लि.**
**ऋणीको नाम : शिवलाल बुढाथोकी**
**बाइक नं.: बा.प्र. ०२-०५२ प १२७८**
**च्यासिस नं.: MD2A13EX0RCB81277**
**इन्जिन नं. : DHXCRB20872**
**ठेगाना: टोखा, बानियाटार-८, काठमाडौं**
**सम्पर्क: ९८१५५६७४६४**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३०९ फागुन २१ गते २०८१ मा प्रकाशित **Strikeforce Asia Recruitment Pvt. Ltd** को Lot No. 301428 को विज्ञापनमा कम्पनीको नाम 1 Security Services Sdn Bhd हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/०६ मा दर्ता भएको **प्रा.लि. नं. २८००३६** को **गेरुवा सप्लायर्स एण्ड ट्रान्सपोर्ट प्रा.लि.** को मिति २०८१/११/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/२२**

यस कम्पनीको मिति २०८१/०२/३२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **होटल ओडिसी प्रा.लि./**Hotel Odyssey Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नोर्बुलिङ बुटिक होटल प्रा.लि./** Norbuling Boutique Hotel Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/११/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोर्बुलिङ बुटिक होटल प्रा.लि./**Norbuling Boutique Hotel Pvt. Ltd. (प्रा.लि.नं.३०७६४९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

स्थानीय सरकार

## सान्नीत्रिवेणी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति: २०८१/११/२२**

यस कार्यालयको चालु आ. व. २०८१/०८२ मा कर्णाली प्रदेश शसर्त अनुदान रकमबाट सान्नीत्रिवेणी गाउँपालिका वडा नम्बर ९ को वडा कार्यालय भवन निर्माण योजनाको सिलबन्दी बोलपत्र आह्वान गरिएकोमा तपसिल अनुसार बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | आशयपत्र दिएको फर्मको नाम ठेगाना | मु. अ. कर. सहित कबोल गरेको अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | STRM/W/NCB/COWOB/05/2081/082 | Construction of Ward Office Building Ward No-9 | M/S S.K.S.Builders & Order Suppliers Raskot-6,Kalikot | 2705128.04 ( Twenty-seven lakh five thousand one hundred twenty- eight rupes ) | |

**प्रमुख प्रशासकीय अधिकृत**

### युएइमा रोजगार

कम्पनी : ROYSE FURNITURE INDUSTRIES LLC
पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319882 | चलानी नं. ६०२३४००२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 25 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 15 | 15 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Foreman | 1 | 1 | 2200 | ८३,०५५ | | | | | | | |
| 4 | Helper | 25 | 25 | 900 | ३३,९७५ | | | | | | | |
| 5 | Machine Helper | 20 | 20 | 900 | ३३,९७५ | | | | | | | |
| 6 | Safety Supervisor | 1 | 1 | 1500 | ५६,६३० | | | | | | | |
| 7 | Sanders | 13 | 13 | 1000 | ३७,७५० | | | | | | | |

कम्पनी : Al Qamar Al Satee Metal Construction Industrial - Sole Proprietorship L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 312097 | चलानी नं. ६०२२६६७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Febricator | 50 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 20 | 0 | 1000 | ३७,७५० | | | | | | | |
| 3 | Welder | 25 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

### साउदीमा रोजगार

कम्पनी : ZUHUR BILAD ALSHAMCOPMPANY TO PROVIDE MEALS
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319781 | चलानी नं. ६०२३३९९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 9 | 0 | 1500 | ५५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZUHUR BILAD ALSHAMCOPMPANY TO PROVIDE MEALS
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319782 | चलानी नं. ६०२३३९८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 1500 | ५५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

### साउदीमा रोजगार

कम्पनी : Mohammed bin Ali bin Saleh Al Kabrish Contracting Company
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319783 | चलानी नं. ६०२३३९८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /labour | 3 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver. | 8 | 0 | 2000 | ७३,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75

### साउदीमा रोजगार

कम्पनी : Middle East Star General Contracting Company
पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 314970 | चलानी नं. ६०२२०२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 15 | 0 | 1000 | ३६,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ३ र ४ गते (16 & 17 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### साउदीमा रोजगार

कम्पनी : KEIR International Company
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319794 | चलानी नं. ६०२३३९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRILLING WORKER | 6 | 0 | 1200 | ४४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.G. OVERSEAS PVT LTD
MR Complex 3rd Floor, Ratopool-07, Kathmandu, Tel : +977-1-4534062, 4534063
E-mail : info@dgoverseasnepal.com, dgoverseaspvtltd@gmail.com, Web: www.dgoverseasnepal.com
श्रम ईजाजत नं. १७१९

### साउदीमा रोजगार

कम्पनी : Shop AL-WAFI For Ready-to-wear clothes
पूर्व स्वीकृति मिति : २०८१/११/१२ | LT. No. 319335 | चलानी नं. ६०२३३९१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oridinary Labourer (Shelf Stacker) | 1 | 0 | 1200 | ४४,४१५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd.
श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

### मलेसियामा रोजगार

कम्पनी : 1 SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 297302 | चलानी नं. ६०२१२२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 19 | 0 | 1500 | ४६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ८ र ९ गते (21 & 22 Mar. 2025) मा हुनेछ ।
भरतपुर, नारायणघाट, चितवन, JCI Building मा मिति: २०८१ चैत्र १० गते (23 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062

# अमेरिकाबाट फर्काइएका नौ जनालाई आवश्यक सोधपुछपछि परिवारको जिम्मा

■ प्रभाव संवाददाता



काठमाडौं- नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले अमेरिकामा कागजातविहीन भएपछि फर्काइएका (डिपोर्ट भएका) नौ जनालाई आवश्यक सोधपुछ र जानकारी लिएर परिवारको जिम्मा लगाएको छ ।

ब्युरोका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले मानव बेचबिखनमा परेर उनीहरू अमेरिका पुगेका हुन् या अन्य कारण छन् भन्ने विषयमा जानकारी लिएर परिवारको जिम्मामा पठाइएको जानकारी दिए । प्रहरीका अनुसार पीडितका रूपमा बेचिएर अमेरिका पुगेको भए त्यसरी पठाउने व्यक्तिमाथि बेचखिनमा मुद्दा चलाउनुपर्ने भएकाले ब्युरोमा ल्याएर सोधपुछ गरिएको हो ।

आवश्यक पर्दा पुनःबोलाएर अनुसन्धानसमेत गर्ने प्रहरीले जनाएको छ । बुधबार अमेरिकाले चार्टर विमानमार्फत आठ जना र व्यावसायिक उडानमार्फत एक जना गरी नौ जनालाई नेपाल फर्काएको थियो । अमेरिकी अधिकारीहरूले उनीहरूलाई अध्यागमन विभागको जिम्मा लगाएको थियो । त्यसपछि बुधबार नै अध्यागमन विभागले प्रहरीको मानव बेचबिखन ब्युरोमा पठाएको हो ।

अमेरिकाले गैरकानुनीरूपमा बसेका उनीहरूलाई स्वदेश फर्काएको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार नेपाली बोकेर आएको अमेरिकी वायुसेवा कम्पनी ग्रिफोन एयरको जहाज गल्फजेटस्ट्रिम बिहान १० बजेर १५ मिनेटमा काठमाडौं विमानस्थलमा अवतरण गरेको थियो । जहाजमा चालकदलसहित १४ जना सवार थिए । फर्काइएका नेपालीहरूका साथमा चारजना अमेरिकी प्रहरीसमेत आएका थिए । नेपालीहरूलाई हत्कडी र साङ्लो लगाएर ल्याइएको थियो । अमेरिकी प्रहरीले हतकडी र साङ्लो फुकालेर अध्यागमनलाई जिम्मा लगाएको थियो ।

चार्टर्ड जहाज अमेरिकाको न्यु हचाम्पसर राज्यको पोर्टसमाउथ अन्तर्राष्ट्रिय विमानस्थलबाट बीचमा 'टेक्निकल ल्यान्डिङ' भएर सीधैं काठमाडौं अवतरण गरेको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता नियमित अन्तर्राष्ट्रिय उडानबाट आधिकारिक कागजात नभएका नेपाली घर फर्किरहेका छन् ।

# दाङका विकट बस्तीमा विद्युत् सेवा पुऱ्याइँदै

**तुलसीपुर (प्रस)**– दाङका विकट क्षेत्रका नागरिकलाई विद्युत् पुऱ्याउने गरी काम थालिएको छ । पश्चिम दाङको विकट क्षेत्र शान्तिनगर, बबई र दंगीशरण गाउँपालिका तथा तुलसीपुर उपमहानगरपालिकाकै केही भागमा अझै पनि विद्युत् नपुगेको जनाउँदै ती स्थानमा विद्युत् पुऱ्याउनेगरी काम अगाडि बढाइएको नेपाल विद्युत् वितरण केन्द्र तुलसीपुरका प्रमुख शिवनारायण गोशलीले बताए ।

उनका अनुसार अझै पनि यी क्षेत्रका चार हजार २०० भन्दा बढी घरधुरीमा विद्युत् नपुगेकाले ती क्षेत्रमा विद्युत् पुऱ्याउनका लागि प्रक्रिया अघि बढेको हो । 'म प्रमुख हुँदासम्म यहाँका विकट बस्तीका घरमा विद्युत् पुऱ्याउने योजना छ, जिल्लाका विकट बस्तीमा अझै पनि विद्युत् पुगेको छैन,' उनले भने, 'त्यसका लागि प्रक्रिया अघि बढिसकेको छ ।' ती बस्तीमा विद्युत् पुऱ्याउनका लागि करिब २५ करोड रूपैयाँ बजेट सुनिश्चित भइसकेकोसमेत बताए । त्यो बजेट कार्यान्वयन भएमा सबै ठाउँमा विद्युत् पुग्ने उनको भनाइ छ । चीनको एआइआइबी बैंकको लगानीमा विद्युत् विस्तार हुन लागेको हो । 'दाङजस्तो विकसित जिल्लामासमेत अझै पनि विद्युत् नपुगेको ठाउँ छ, भन्दा अचम्म लाग्ने गर्छ,' प्रमुख गोशलीले भने, 'अब सबै ठाउँ विद्युत् पुग्यो, भन्ने बनाउनुछ ।'

दंगीशरण गाउँपालिकाको वडा नं १, शान्तिनगर गाउँपालिकाको वडा नं १, २ र ३, बबई गाउँपालिकाको वडा नं १, ५ र ७ तथा तुलसीपुर उपमहानगरपालिकाको १, ३, ४, ८ र १२ नम्बर वडाका केही बस्तीमा अझै पनि विद्युत् पुग्न सकेको छैन । केही समय अघि दाङको तुलसीपुर-४ खुमखानी, शान्तिनगर गाउँपालिका-१ बस्तीखोला, हारीचारजस्ता विकट ठाउँमा विद्युत् पुऱ्याइएको थियो ।


## साउदीमा रोजगार

कम्पनी : Al Rashid Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319812 | चलानी नं. ६०२३३९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 10 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Diamond Quality

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319811 | चलानी नं. ६०२३३९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd. श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9813413654, 9846702764, 9851105682, 9851084742, (Jhapa Branch: 9815005930, +977-023-591265), Email : info@jisnepal.com, Web: www.janashaktiintl.com


लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

### सिमसार क्षेत्र संरक्षण सम्बन्धी प्रथम पटकको लागि बोलपत्र आवहानको सूचना

मिति २०८१।११।२१

जिल्ला दाङ राजपुर गा.पा. वडा नं. १ स्थित गुरुङखोला क्षेत्रमा सिमसार क्षेत्र संरक्षणका लागी तपसिलको कृयाकलाप संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाण पत्र समेतका आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशन भएको मितीबाट ३० औ दिन भित्र बोलपत्र खरिद गरी ३१ औ दिनको १ बजे भित्र शिलबन्दी गरी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारी डिभिजन वन कार्यालय दाङ (देउखुरी) को सूचना पाटीमा टांस गरिएको छ ।

| ठेक्का न | क्रयाकलापको विवरण | लगत अनुमान वजेट (रू) | बोलपत्र खरिद रकम (रू) | बोलपत्र जमानत रकम (रू) |
|---|---|---|---|---|
| DFO/LAMAHI/NCB/01/2081/02 | महत्वपुर्ण सिमसार संरक्षण कार्यक्रम, राजपुर १, गुरुङखोला, दाङ | २५००५५३.९९।- | ३०००।- | ६६०००।- |

### लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. राधे राधे ५ भक्तपुरको कर्जा ऋण चुक्ता भुक्तान गर्ने १५ दिने सूचना !!

उपरोक्त सम्बन्धमा यस संस्थाबाट तपाई ऋणीले आफनो व्यबासायिक कारोबार समाधन गर्न गाडी धितो राखी प्राप्त गर्नुभएको हायर पर्चेज कर्जाको यस सहकारी संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज, पेनाल्टि व्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाबाट लिएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता गर्दा समेत यस सहकारी संस्थाको कर्जा भुक्तान गर्ने कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपशिलमा उल्लेखित ऋणी, धन जमानी दिनेको नाममा कर्जा चुक्ता भुक्तान गर्न यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखी आफुले लिएको कर्जाको साँवा, व्याज, पेनाल्टि व्याज, तथा अन्य दै-दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा सहकारी संस्था सम्वन्धी ऐन २०७४,सहकारी नियमावली २०७५ तथा संशोधितबाट हुने व्यवस्था अनुसार तपाई ऋणी, धन जमानीको चल अचल सम्पतीबाट लिलाम बिक्रि गरी वा अन्य कनै व्यवस्था गरी संस्थाको लेना रकम असुल गरिनुका साथै ऋणी तथा जमानीकर्ता लाई समेत कालोसुचीमा सुचिकृत गरिने व्यहोरा यसै सूचना वाट जानकारी गराइन्छ ,साथै तपसिलमा रहेको धितो बाट सम्पूर्ण रकम असुल उपर नभए प्रचलित कानुन अनुसार ऋणी र जमानीकर्ताको अन्य चल अचल सम्पति जायजेथा श्रीसम्पती वाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी तथा सम्बन्धित सबै लाई यसै सूचना द्वारा सुचित गरिन्छ ।

तपशिल

| ऋणीको विवरण | जमानी दिनेको विवरण | धितो विवरण |
|---|---|---|
| नाम : अर्जुन सुवेदी<br>श्रीमती : लक्ष्मी सुवदी<br>बाबु : गणेश बहादुर सुवेदी<br>बाजे : सशिधर सुवेदी<br>ठेगाना : वागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला वलेफी गा.वि.स. वडा नं ७<br>नागरिकता नं. १४४३५/९९४९५ | नाम : अमृत सुवेदी<br>बाबु : अर्जुन सुवेदी<br>बाजे : गणेश बहादुर सुवेदी<br>ठेगाना : वाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्ला बलेफी गा.वि.स. वडा नं ७<br>ना.प्र.न:२४/०१/७७/०४५८२ | मोडल नं.: Scorpio s4 222wd<br>च्यासिस नं.:A1TA2SJXJ2B26101<br>इन्जिन नं.: SJJ4B22754<br>दर्ता नं.: Ba 19 Cha 2580<br>गाडिको कम्पनी : Mahindra& Mahindra |

**लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि**
**म.थि.न.पा ५ राधे-राधे भक्तपुर, फोनं. ०१-६६३७७०४,६६३७८२९**

## मेधा बचत तथा ऋण सहकारी संस्था लिमिटेड


महाराजगंज-३, काठमाडौं, फोन नं.४९५५६७५

### धितोमा रहेको अचल सम्पत्ति लिलाम बडाबड गरी विक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

(प्रकाशित मिति : २०८१/११/२२ गते)

तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले यस सहकारी संस्थाबाट विभिन्न कर्जा शीर्षकमा लिएको कर्जा संस्थासँग गरेको तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले यस सहकारी संस्थाबाट विभिन्न कर्जा शीर्षकमा लिएको कर्जा संस्थासँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज, हर्जनालगायतका रकमहरू नतिरी, नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी शर्त नियमहरू उल्लङ्घन गरेको र संस्थाले पटक पटक कर्जा चुक्ता गर्न अनुरोध गरी मिति २०८१ भदौ १४ गते **नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा** र मिति २०८१ माघ ०२ गते **प्रभाव दैनिक पत्रिकामा** कर्जा चुक्ता गर्ने ३५ (पैतिस) दिने सूचना समेत प्रकाशित गरेकोमा हालसम्म पनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकाले यस संस्थाले निजहरू संगालिनु पर्ने ऋण, साँवा, रकम उक्त धितो लिलामी हुने दिनसम्मको व्याज, हर्जनासमेतको तपशिलमा उल्लेखित जम्मा लेना रकम असुलउपर गर्नका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियम ३० तथा यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण स्वरूप लेखिदिनु भएको तपशिलमा उल्लेखित शर्तहरू वमोजिम पञ्चकृत मूल्याङ्कन गरी लिलामी विक्री गरिने भएकोले सो लिलामी विक्रीमा डाँक बढाबढ गरी लिन इच्छुक व्यक्ति, फर्म, संघसंस्थहरू समेत सबैको जानकारीको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै यस संस्थालाई तिर्न बुझाउन पर्ने ऋण, लागेको व्याज, हर्जना समेत लिलाम हुनुअघि नै तिरी चुक्ता गरी धितो फुकुवा गर्न गराउन ऋणी तथा जमानीलाई अन्तिम मौका समेत दिएको छ । उक्त म्यादभित्र ऋण चुक्ता नभई धितो लिलाम विक्री भएमा वा कसैले धितो लिलामी सकार नगरी सहकारी संस्था आफैँले सकार गरी लिएमा पछि कहिकतै उजुरबाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको धितो लिलाम विक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र प्रचलित नेपाल कानून वमोजिम ऋणीका नाममा धितोमा राखेको सम्पत्तिबाट नपुग भएमा अन्य सम्पत्तिबाट निजका परिवारका अन्य व्यक्तिहरू तथा व्यक्तिगत जमानीकर्ताको नाममा रहेको अन्य चलअचल सम्पत्तिसमेतबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको तीन पुस्ते विवरण | ऋणीको र जमानीको फोटो | धितो रहेको घर जग्गाको विवरण |
|---|---|---|
| **महेश थापा**<br>**ना.प्र.नं.** : ६९८/१५९, काठमाडौं<br>**बाबु** : लक्ष्मण थापा<br>**बाजे** : धर्म ध्वजथापा<br>**ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**व्यक्तिगत जमानी दिने** :<br>**नाम** : **सुनिता थापा (श्रेष्ठ)** |  | का.जि. साविक वडा नं.६ हाल बुढानिलकण्ठ न.पा.वडा नं.४ कि.नं.८२४ क्षेत्रफल (०-४-०-० (रोपनी) १२७.१६ व.मि. |
| **मंगलादेवी उपाध्याय**<br>**ना.प्र.नं.** : ६७२०४१।१०३९२ ,कैलाली<br>**बाबु** : नयाराम उपाध्याय<br>**बाजे** : देवी राम उपाध्याय<br>**ठेगाना** : कैलाली जिल्ला दुर्गौली गा.बि.स.वडा नं. ७<br>**धनजमानी दिने** :<br>**नाम** : **अश्विनी कुमार आचार्य** |  | का.जि.साविक वडा नं.८ (क) साङला हाल तारकेश्वर न.पा. वडा नं.१ कि.न २०१ क्षेत्रफल (०–५–३–० (रोपनी) १८२.८० व.मि. |
| **मोहनकुमार गिरी**<br>**ना.प्र.नं.** :३८०/१८८१, बाजुरा<br>**बाबु** : प्रदिपकुमार गिरी<br>**बाजे** : जयनन्दगिरी<br>**ठेगाना** : बाजुरा जिल्लाकोल्टी वडा नं.३<br>**घनजमानी दिने** :<br>**नाम** : **नवराज बराल** |  | का.जि.साविक वडा नं.१२ हाल बलम्बु गा.वि.स.वडा नं.५ कि.नं.११०९ क्षेत्रफल (०–९–०–० (रोपनी) २८६.११ व.मि |

**लिलामीका शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र पनि ऋणीले कर्जा चुक्ता गर्न नआउनु भएका ३६औं दिनमा धितो रहेको ठेगानाको वडा कार्यालयमा दिनको १२.०० बजे लिलाम विक्री कार्य गरिनेछ । सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोहि स्थान र समयमा लिलाम विक्री गरिनेछ ।
२. लिलाम डाक बढाबढमा भाग लिन इच्छुक व्यक्ति स्वयम् आफ्नो सक्कल नागरिकता लिएर उपस्थित हुनु पर्ने छ । संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संस्थाको दर्तासँग सम्बन्धित कागजातहरूसहित उपस्थित हुनु पर्नेछ ।
३. धितो सम्पत्तिको पञ्चकृत मूल्यलाई आधार मानी लिलाम डाक बढाबढ हुनेछ ।
४. धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संस्थाको नाममा लिलाम सकार गराइनेछ ।
५. सबैभन्दा बढी रकम कबोल गर्नेले आफूले कबोल गरेको रकमको १०% ले हुने रकम यस संस्थाको नाममा नगद वा संस्थाको बैंक खातामा अनिवार्य रूपमा सोही दिन धरौटी वापत दाखिला गर्नु पर्नेछ । तत्काल उल्लेखित १०% रकम नबुझाएमा सो पछिको सबै भन्दा बढी डाक बोल्ने व्यक्ति वा फर्मका नाममा लिलाम सकार गराइनेछ । बाँकी ९०% रकम लिलामी सकार गरेको मितिले ७ दिनभित्र संस्थामा बुझाई सक्नु पर्नेछ । अन्यथा उक्त धरौटी रकम जफत हुनेछ ।
६. लिलामी विक्री गरिने सम्पत्तिसम्बधी कुनै जानकारी चहिएमा वा स्थलगत निरीक्षण गर्न चाहेमा संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।
७. लिलाम विक्रीको लागि तोकिएको समय सीमासम्म उल्लेखित सम्पत्ति कसैले लिलाम सकार गरी लिन नचाहेमा वा आफूले कबोल गरेको रकमको १०% रकम नबुझाएमा सो सम्पतिको स्वामित्व सहकारी ऐन २०७४ को दफा ७९ तथा सहकारी नियामावली २०७५ को नियम ३५ वमोजिम निर्धारित पञ्कृत मूल्यमा संस्था आफैले सकार गरी लिन सक्नेछ ।
८. लिलाम सकार गर्नेले सकार गरेको पूरा मूल्य रकम उक्त समयभित्र बुझाएमा लिलाम सकारेको उक्त घर जग्गा निजको नाममा दाखिल खारेज गरी दिनका लागि सम्बन्धित कार्यालयमा लेखी पठाइनेछ । दाखिल खारेज गर्दा लाग्ने दै-दस्तुर वा राजश्व समेत सकार गर्ने आफैले व्यहोर्नु पर्नेछ ।
९. लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ ।
१०. लिलाम विक्री गरिने दिन तथा समयमा उपस्थित हुन ऋणी तथा जमानीकर्तालाई यसै सूचनामार्फत जानकारी गराइन्छ । निजहरू अनुपस्थित रहेमा पनिलिलामी रोकिने छैन ।
११. लिलाम बडाबड यस सहकारीको कार्यालय महाराजगंज-३ मा हुनेछ ।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/२२**

यस सा.व.उ.स वाट संकलित साल गोलिया काठ ११७२.७५ क्यू फिट, साल चिरान काठ ८४.२६ कयु फिट, साल दाउरा २.५ चट्टा र साल साल वाकल १५०० के जी लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **ज्वालादेवी सा. वन उपभोक्ता समूह, ऋषिङ ६, तनहुँ ।**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **शेर्पा इन्टरनेशनल म्यानपावर कन्सल्टेन्सी प्रा.लि.** श्रम इजाजत नम्बर ४३०/०६०/०६१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/ नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.स | कर्मचारीको नाम | पद | स्थाई ठेगाना |
|---|---|---|---|
| १ | सन्तोषी केसी | प्रबन्ध निर्देशक | तुलसीपुर-९, दाङ |
| २ | राम ध्यान शाह | मार्केटिंग निर्देशक | नौकैलावा-२, सर्लाही |
| ३ | रन्जना श्रेष्ठ | डकुमेन्टेसन अफिसर | लुभु-४, ललितपुर |

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## सयुक्त साधारण सभामा उपस्थित हुने बारेको शेयर सदस्यहरुलाई सूचना

एकीकरण समितिको मिति २०८१/११/२२ गते बिहिबारमा बसेको बैठकबाट निर्णय भए अनुसार तपसील बमोजिमको स्थान, मिति, र समयमा संस्थाको सयुक्त साधारण सभा हुने भएको हुँदा उक्त सभामा उपस्थित हुन अनुरोध गर्दछौं । उक्त दिनमा बिहानको ८:०० बजे देखि नै नाम दर्ता गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**सभामा पेश हुने प्रस्तावहरु :**

१. एकिकरण शर्त र कार्यविधि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. माइन्युट प्रमाणित गर्ने १/१ सदस्य चयन गर्ने सम्बन्धमा ।
३. विविध ।

**तपसील**

साधारण सभा हुने स्थल : छिमेकी पाटिप्यालेस जोरपाटि काठमाडौं । ९८५१०६९९४५, ९८५१०७५६९०, ९८५११०१०५०

साधारण सभा हुने मिति : २०८१ साल चैत्र २३ गते गते शनिबार;
साधारण सभामा नाम दर्ता हुने समय : बिहान ८.०० देखि ८.३० बजे र
साधारण सभा हुने समय : बिहान ८.०० देखि १०.०० बजे सम्म

**ईष्ट वेष्ट सेभिङ एण्ड क्रेडिट को अपरेटिभ लि**
गोकर्णेश्वर ६ काठमाडौं

**सुनयन बचत तथा ऋण सहकारी संस्था लि**
काठमाडौं महानगरपालिका ८

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड

रजिष्टर्ड अफिसः गोल्छा हाउस, गणबहाल, काठमाण्डौ
फोन नं. ५३५०७७२, E-mail:ktm@golchha.com
का शेयरधनीहरुलाई

### हकप्रद शेयरको निष्काशन सम्बधि सूचना

मिति २०८०।११।०९ गते सम्पन्न यस कम्पनीको वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव अनुसार मिति २०७९।०९।२८ गते सम्म कम्पनीको शेयर दर्ता कितावमा दर्ता रहेका शेयरधनीहरुका लागी एकसय कित्ता बराबर बाईस दशमलब अठार शुन्य शुन्य एक दुई नौ (१००:२२.१८००१२९) को अनुपातमा प्रति कित्ता शेयर रु.१००/- अंकित दरको १७,१२,००६ कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्रि खुल्ला यहि मिति २०८१।११।१८ गते देखि मिति २०८१।१२।०३ गते सम्म गरिने हुंदा सम्बन्धित सबै शेयरधनीहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। हकप्रद शेयर खरिद गर्न अनिच्छुक शेयरधनीले कम्पनीका बहालवाला अन्य शेयरधनीलाई आफ्नो हकहस्तान्तरण गर्न सक्नु हुनेछ । हकप्रद शेयर खरिदका लागी दरखास्त फारम कम्पनीको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ । दरखास्त साथ आफुले आवेदन गरेको कुल शेयरको हुने रकम हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको एभरेष्ट बैंक लिमिटेड, टेकु शाखा स्थित चल्ति खाता नं.०१०००१०५०००९४१ मा जम्मा गरी सो को सक्कल भाउचर वा "क" वर्गको बैंकबाट जारी ड्राफ्ट संलग्न गरी शेयर खरिदको निवेदन साथ पेश गर्नु पर्नेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## युएइमा रोजगार

कम्पनी : ANGLE GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 318972 | चलानी नं. ६०२३४०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 800 | ३०,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Shuttering carpenters | 10 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 4 | Steel Fixers | 10 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY STAR RECRUITMENT PVT LTD
Govt.Lic. No 1078/073/74
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

## युएइमा रोजगार

कम्पनी : NAMAT ALSAMA TECHNICAL AND CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319835 | चलानी नं. ६०२३४००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 10 | 0 | 1000 | ३७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GURUNG MAGAR SERVICES PVT. LTD. Govt. Lic. No. 851/066/067
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com

## युएइमा रोजगार

कम्पनी : ALWAN ALTHEEF GENERAL MAINTENANCE CONTRACTING - L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319547 | चलानी नं. ६०२३४०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 5 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Worker | 10 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Helper Technical | 5 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GULF MANAGEMENT INTERNATIONAL PVT.LTD श्रम ईजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## युएइमा रोजगार

कम्पनी : SAMA AL NAHDA PAINTS CONT LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 291722 | चलानी नं. ६०१९२९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 7 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 12 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | SCAFFOLDER | 9 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com


सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## जिल्ला अस्पताल दार्चुला

### सेवा करारमा जनशक्ती छनौट गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१।११।२२)

यस जिल्ला अस्पताल दार्चुलामा प्रदेश कार्यक्रम र संघिय अनुदानबाट निम्न जनशक्ती छनौट (भर्ना) गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रितपुर्वक दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्रस | विज्ञापन नंबर | पद | तह | संख्या | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २-०८१।०८२ | हेल्थ असिस्टेन्ट | पाचौ तह | १ | मान्यता प्राप्त शिक्षण संस्था बाट हेल्थ असिस्टेन्ट कोर्ष उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको हुनुपर्ने छ । | |
| २ | ३-०८१।०८२ | स्टाफ नर्स | पाचौ तह | १ | मान्यता प्राप्त शिक्षण संस्था बाट नर्सिङ प्रमाणपत्र तह उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको हुनुपर्ने छ । | |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. न्युनतम शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु तथा विदेशी शैक्षिक संस्थाबाट योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र संलग्न राख्नुपर्ने छ ।
३. सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
४. दरखास्त बुझाउने अन्तिम मितिः २०८१।१२।०७ सम्म, अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ।
५. उमेरको हद : दरखास्त बुझाउने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६. दरखास्त दस्तुर : हेल्थ असिस्टेन्ट र स्टाफ नर्स दुबै पदको लागि रू.७००/-
७. दरखास्त फाराम : अस्पतालको प्रशासन शाखामा तोकिएको दस्तुर बुझाई उपलब्ध हुने छ ।
८. दरखास्त दर्तागर्ने स्थान : अस्पतालको प्रशासन शाखामा बुझाई दर्ता गर्नुपर्ने छ ।
९. परिक्षाको किसिम : लिखित र अन्तर्वाता हुनेछ ।
१०. लिखित परिक्षा र अन्तर्वार्ता को मिति : पछि तोकिने छ ।
११. सेवा सुविधा : सेवा करार सम्झौता अनुसार ।
१२. यो सूचनामा उल्लेख नभएका कुराहरु सामाजिक विकास मन्त्रालयको करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड (संशोधन सहित) २०७७ बमोजिम हुनेछ ।
११- थप जानकारीको लागि अस्पतालको प्रशासन शाखा वा कार्यालयको फोन नंबरः ०९३-४२०४०८ मा सम्पर्क गर्न सकिने छ ।

**नि मेडिकल सुपरिण्डेन्ट**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नेतृत्वमा नवीकरण खै ?

हरेक संगठनमा नेतृत्व परिवर्तन संगठनको पुनर्ताजगी र नवीकरण गर्नु हो । यसले संगठनमा नयाँ विचार, बल, बुद्धि र विवेकको परीक्षण हुन्छ । प्रजातान्त्रिक अभ्यासका लागि विधानले र संविधानले नै नवीकरणको बाध्यकारी व्यवस्था गरिदिएको छ । तर नेपालका केही राजनीतिक दलमा नेतृत्व नवीकरण गर्दै नगर्ने प्रवृत्ति हाबी भएको छ । यो धेरैजसो वामपन्थी दलमा देखिन्छ । कुनै दलमा नेतृत्व व्यवस्थापन गर्न नसकेर छिन्नभिन्न हुँदा यी दलमा भने नेतृत्व दाबी गर्ने दोस्रो पुस्ताको नेतासमेत भेटिन्न ।

यसरी निरन्तर नेतृत्वमा रहेर चर्चामा रहेका नेताहरू हुन्, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का अध्यक्ष नारायणमान बिजुक्छे, नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा पनि मोहन वैद्य, नेकपा मालेका सिपी मैनालीलगायत ।

माओवादी केन्द्र वर्तमान संसद्को तेस्रो ठूलो दल हो । यही दलको नेतृत्व गरेका दाहाल ३५ वर्षदेखि लगातार नेतृत्वमा छन् । उनकै कारण माओवादीबाट डा. बाबुराम भट्टराई अलग भइसकेका छन् । नयाँलाई ठाउँ माग्दै जनार्दन शर्मालगायतका नेताहरूले आवाज बुलन्द पार्दा पार्टीमा स्पेस दिन छाडिएको छ । यसले नेता कार्याकर्त पंक्तिमा निराशा छाउने र पार्टी खुम्चिएर सानो हुने सम्भावना बढ्छ ।

माओवादीबाहेक अरु साना दलमा निरन्तर एकै व्यक्ति अध्यक्ष हुँदाको परिणाम देखिसकिएको छ । नेमकिपामा बिजुक्छे अध्यक्ष भएको ५० भइसक्यो । श्रमिकको पार्टी भन्दै मादल बजाएको दल अहिले भक्तपुरका एक क्षेत्रमा सीमित बनेको छ । राष्ट्रिय जनमोर्चाको हालत पनि उस्तै छ । यस दलका अध्यक्ष केसी लोकप्रिय कुरा गर्छन् । कुनै बेला गण्डकी क्षेत्रमा फैलिएको दलका नेताले व्यवहारमा आफू नेतृत्वबाट नहटिदिंदा पार्टी खुम्चिएर सानो भइसकेको छ ।

नेकपा मसालका सिंह, कम्युनिस्ट पार्टी नेपालका वैद्य, नेकपा मालेका मैनालीका विकल्पमा ती पार्टीमा वैकल्पिक नेता नै देखिन्नन् । यसको मुख्य कारण हो हस्तान्तरणमा कन्जुस्याई । हरेक व्यक्ति मौकाको पखाईमा हुन्छ । परीक्षणको पखाईमा हुन्छ । तर नेतृत्वले ठाउँ कहिल्यै नदिएपछि न त त्यो संस्था आकर्षक हुन्छ, न त विवेक र बलको लगानी हुन्छ । त्यसैले यस्ता विषयमा विशेष ध्यान दिएर यी दलले नेतृत्व नवीकरणमा विशेष ध्यान दिनुपर्छ । नभए नेमकिपा र जनमोर्चाकै हालत भएर जान धेरै समय लाग्दैन ।

## एनआरएनएमा एकता: आजको आवश्यकता



■ शेष घले

> हाम्रो ध्येय भनेको गैरआवासीय नेपाली संघलाई कानुनको शासन, निष्पक्षता, पारदर्शिता र लोकतन्त्रका सिद्धान्तहरूमा उभिएको सदस्यतामा आधारित संस्थामा रूपान्तरण गर्नु हो । यो प्रक्रिया एउटा लोकतान्त्रीकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिने छ । यी रूपान्तरणलाई मूर्तरूप दिन एउटा नयाँ विधान मस्यौदा गरिने छ । यो विधानले उत्थानशील तथा सुदृढ गैरआवासीय नेपाली संघ निर्माण गर्न जगको काम गर्ने छ ।

विदेशमा बस्ने नेपालीहरूको साझा संस्था गैरआवासीय नेपाली संघ (एनआरएनए) यतिबेला असहज अवस्थामा छ।१०औं महाधिवेशनका क्रममा चर्किएको विवाद ११औं महाधिवेशनमा आइपुग्दा थप तिक्ततापूर्ण देखियो । संघको विभिन्न तहमा नेतृत्व चुन्न गराइएका निर्वाचनको विश्वसनीयताबारे प्रश्नहरू उठे र केही साथीहरूको मन विभाजित हुनपुग्यो । यसले गर्दा एनआरएनए अभियानमा ठूलो धक्का लागेको छ ।

सन् २००३ मा नेपालबाहिर रहेका नेपालीहरू भेला भएर जुन लक्ष्य र उद्देश्यअनुसार संघको स्थापना गरियो, पछिल्लो समय त्यो लक्ष्य र उद्देश्यअनुरूप संस्थाले अघि बढ्न सकेको देखिँदैन । विधानमा भएको व्यवस्थाअनुरूप अघि बढ्न नसक्दा समस्याहरू जेलिँदै गएका छन् । संस्थाप्रति नै नैराश्यता पैदा गराउने किसिमका गतिविधिले विश्वभरि फैलिएका लाखौं प्रवासी नेपालीका मुद्दाहरूले प्राथमिकता पाउन सकेका छैनन् । एनआरएनएहरूबीच भावनात्मक एकता र सामूहिक सहकार्यको अभावमा समसामयिक एवं नियमितरूपमा अघि बढाउनुपर्ने मुद्दाहरू थाती रहेको अवस्था छ । यसका कारण विदेशमा सिकेको ज्ञान, सीपलाई स्वदेशमा भित्र्याउन र लगानी गर्नका लागि जटिलता पैदा भइरहेको छ ।

यस्ता सबै किसिमका मतभेद र मनभेदलाई अन्त्य गरेर संघलाई लयमा फर्काउन सम्मानित सर्वोच्च अदालतले २०८० चैत २१ गते एकताको महाधिवेशन गर्न आदेश दियो । अदालतको फैसलाको छ महिनापछि २३ अक्टोबर २०२४ मा उच्चस्तरीय समितिलाई परराष्ट्र मन्त्रालयबाट निर्देशन प्राप्त भयो । सामूहिक जिम्मेवारी र स्पष्टता सुनिश्चित गर्न उक्त निर्देशन उच्चस्तरीय समितिका सबै सदस्यहरूलाई पठाइएको थियो । उक्त निर्देशन प्राप्त भएको ३० दिनभित्र १९ नोभेम्बर २०२४ मा उच्चस्तरीय समितिको पहिलो बैठक बस्यो । त्यस सँगसँगै छ महिनाभित्र अन्तर्राष्ट्रिय साधारणसभा आयोजना गर्नुपर्ने समयावधि पनि सुरु भयो ।

### प्रगतिको मार्गचित्र

उच्चस्तरीय समितिले पूर्णता पाएसँगै करिब एक दर्जन बैठकहरू बसी एकताको महाधिवेशनको मार्गचित्र कोरिएका छन् । विश्वभरका एनआरएनहरू निरन्तर संवादमा छन् र एकताको महाधिवेशनमार्फत संस्थालाई वैधानिक र लोकतान्त्रिक पद्धतिमा हिँडाउन आतुर छन् । सर्वोच्च अदालतको परमादेश र फैसला कार्यान्वयन निर्देशनालयले हालै गरेको पत्राचारका आधारमा परराष्ट्र मन्त्रालयले कानुन मन्त्रालयको सिफारिसमा एकजना सरकारी प्रतिनिधि पनि तोकिदिएकाले कामलाई अगाडि बढाउन सहजता मिलेको छ । परमादेशको निर्णय खण्डको बुँदा नम्बर छ मा उल्लेख भएको विषयले पनि पूर्णता पाएकाले अब विधिवत रूपमा अधिवेशनमार्फत एनआरएन एकताका लागि अगाडि बढ्न कुनै अवरोध छैन ।

विश्वभरका एनआरएनए सदस्यहरूलाई नेपालमै आएर प्रत्यक्ष मतदान प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्न हामीले आह्वान गरेका छौं । सम्मानित सर्वोच्च अदालतले यसअघि नै संस्थाको विवाद, सदस्यता, नवीकरण र निर्वाचनमा भएको अनियमिततालाई गहिरो रूपमा अध्ययन गरेरै परमादेश दिएकाले सोहीअनुसार अघि बढेमा मात्र संस्थामा एकता कायम गर्दै अगाडि बढ्न सक्ने अवस्था छ ।

एनआरएनए परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था भएकाले राष्ट्रिय समन्वय परिषद (एनसिसी) हरूसँग समन्वय र सहकार्य मात्र गर्ने हो, नियन्त्रण गर्न खोज्नु सान्दर्भिक हुँदैन । उच्चस्तरीय समितिले ३१ मार्च २०२५ भित्र संघको सदस्य बन्न योग्य सबै एनआरएनहरूलाई सदस्यताका लागि आवेदन दिन वा आफ्नो सदस्यता नवीकरण गर्न आह्वान गरेको छ । आगामी अप्रिल १५ सम्म एनसिसीहरूले अधिवेशन गरेर उच्चस्तरीय समितिलाई जानकारी मात्र गराए पुग्छ । एनआरएनएको अधिवेशन गर्न एनसिसीको अधिवेशन जरुरी पर्दैन तर आपसी समझदारी एवं सल्लाहचाहिँ हुनुपर्छ ।

एकता महाधिवेशनविना अब एनआरएनहरूबीच भावनात्मक र सामूहिक सहकार्य हुने अवस्था देखिँदैन । यतिबेला अदालतको पहिलो र दोस्रो फैसलालाई आफूखुसी व्याख्या गर्ने परिपाटीले समस्या निम्त्याइरहेको छ । अदालतको फैसला र परमादेशलाई तथ्यगत रूपमा व्याख्या नगरी आफूखुसी व्याख्या गरेर गैरआवासीय नेपालीहरूलाई रनभुल्लमा पार्ने प्रयास गरिएको छ । यद्यपि, अदालतको फैसलालाई राम्रोसँग अध्ययन गरेर काम गर्दा कुनै किसिमको द्विविधामा बसिरहनुपर्ने अवस्था देखिँदैन । एनआरएन विवादका सम्बन्धमा न्यायाधीशद्वय सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले फैसला सुनाउँदा नै सात बुँदामा जारी गरेको परमादेशले स्पष्टरूपमा एकताको महाधिवेशन गराउन आदेश दिएको छ ।

उच्चस्तरीय समितिले समितिको पहिलो बैठक बसेको मितिले छ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्न/गराउन अख्तियारी दिएकाले यसमा पनि कुनै संशय लिनुपर्ने अवस्था छैन । हामीले हाम्रो काम परराष्ट्र मन्त्रालयको तर्फबाट गरिरहेका छौं भन्ने कुरा महत्त्वपूर्ण छ । सर्वोच्च अदालतको आदेश पालना गर्दै हामीले कानुनको शासन तथा सुशासन पालना गर्न नेपाल सरकारलाई पनि सघाइ रहेका छौं ।

### एउटा ऐतिहासिक अवसर

अहिलेको समय गैरआवासीय नेपाली संघका लागि एउटा ऐतिहासिक अवसर हो । लामो समयदेखि गैरआवासीय नेपाली संघ एउटा बलियो आधारविना नै काम गर्दै आइरहेको छ ।

हाम्रो ध्येय भनेको गैरआवासीय नेपाली संघलाई कानुनको शासन, निष्पक्षता, पारदर्शिता र लोकतन्त्रका सिद्धान्तहरूमा उभिएको सदस्यतामा आधारित संस्थामा रूपान्तरण गर्नु हो । यो प्रक्रिया एउटा लोकतान्त्रीकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिने छ । यी रूपान्तरणलाई मूर्तरूप दिन एउटा नयाँ विधान मस्यौदा गरिने छ । यो विधानले उत्थानशील तथा सुदृढ गैरआवासीय नेपाली संघ निर्माण गर्न जगको काम गर्ने छ ।

वास्तवमा एनआरएनएमा निष्पक्षता, पारदर्शिता तथा प्रजातान्त्रिक सुशासन सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतले दिएको 'म्यान्डेट' नै पर्याप्त छ । 'कानुनको शासन' पालना गर्नुपर्ने विश्वव्यापी मान्यताअनुरूप एनआरएनए अभियन्ताहरू पनि यसबाट अलग हुन सक्दैनन् ।

अदालतको आदेशलाई आफूअनुकूल परिभाषा गर्ने प्रवृत्तिले संस्थालाई बलियो बनाउँदैन । गत अप्रिल २०२४ मा सर्वोच्च अदालतको संक्षिप्त फैसला र पछि प्राप्त पूर्णपाठसहितको फैसला स्पष्ट र निर्देशनात्मक थिए र तिनमा कुनै पनि अस्पष्टता थिएन । एनआरएनएभित्र रहेका पद्धतिगत मुद्दाहरूलाई सम्बोधन गर्ने तथा छ महिनाभित्र अन्तर्राष्ट्रिय साधारणसभा (आइजिए) आयोजना गर्ने भनेर प्रस्ट र बुझिने भाषामा स्पष्ट पारिएकाले अब कुनै संशय लिइरहनुपर्ने देखिँदैन ।

हाम्रो जिम्मेवारी भनेको कानुनी निर्देशन पूरा गर्नेमात्रै नभएर यो एउटा दिगो तथा प्रजातान्त्रिक संस्था निर्माण गर्नका लागि दरिलो ढाँचा निर्माण गर्ने अवसर पनि हो । सदस्यता वितरण र नवीकरणको पाटो सँगसँगै अघि बढिसकेकाले संस्थालाई रूपान्तरण गर्ने अवसर आएको छ । लोकतान्त्रिक सिद्धान्तमा उभिएको सदस्यतामा आधारित संस्थामा रूपान्तरण गर्नुपर्ने चुनौतीका बीच हामी यो प्रयासमा इमान्दारीपूर्वक लागेका छौं ।

### सबैको बाटो एउटै

संस्थाको आधारस्तम्भ भनेका सदस्यहरू हुन् । त्यसैले विधानमा भएको स्पष्ट व्यवस्थाअनुरूप हरेक मुलुकमा विद्यमान सदस्यता नवीकरणका साथै नयाँ सदस्यता खोलिएको, महाधिवेशनमा भाग लिन चाहने सदस्यहरूले आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गरिसकिएकाले एकताको महाधिवेशनले खुड्किलो चढिसकेको छ । आउँदो कयौं दशकसम्म क्रियाशील रहन सक्ने गैरआवासीय नेपाली संघ निर्माण गर्नका लागि आधारभूमि तयार भइसकेको अवस्था छ । झण्डै चार हजार प्रतिनिधि अधिवेशनमा सहभागी बन्ने अपेक्षाअनुसार काम भइरहेकाले यसबाट नेपालको पर्यटन उद्योगमा ५० करोड रूपैयाँबराबरको सामूहिक योगदान प्राप्त हुने अपेक्षा गरिएको छ ।

विश्वभरका एनआरएन मित्रहरूले बुझ्नुपर्ने कुरा के छ भने सर्वोच्चको परमादेशमा कुनै किसिमको अस्पष्टता छैन । परराष्ट्र मन्त्रालयले हामीलाई स्पष्ट दिशानिर्देश गरेको छ । सर्वोच्च अदालतको २०८० चैत २१ गतेको आदेशलाई अरु कुनै पनि फैसलाले निषेध नगरेको, नेपाल सरकारको सहयोगमा उक्त आदेश कार्यान्वयनको प्रक्रियामा रहेको र यससँग बाझिने अरु कुनै आदेश वा फैसला नभएकाले महाधिवेशनमा सहभागिता जनाउन कोही, कसैले वैधानिक अप्ठ्यारो महसुस गर्नै पर्दैन । त्यस्तै उच्चस्तरीय समितिको पदावधि १८ मे २०२५ मा सकिने भएकाले आगामी मे महिनाभित्रै एकताको महाधिवेशन गर्नुपर्ने 'म्यान्डेट' छ । एकताको महाधिवेशन पर सार्नसक्ने कुनै वैधानिक आधार हामीसँग छैन । त्यसैले तोकिएको मिति २०२५ मे ३ देखि ५ मा काठमाडौंमा भेला भएर संस्थालाई एकताबद्ध बनाउन र नयाँ लोकतान्त्रिक पद्धतितर्फ डोऱ्याउन उच्चस्तरीय समितिको तर्फबाट सम्पूर्ण मित्रहरूमा यसै लेखमार्फत अपिल गर्दछु । *रासस*

*(लेखक एनआरएनएका पूर्वअध्यक्ष तथा एनआरएनए उच्चस्तरीय समितिका अध्यक्ष हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा ध्यान दिनुपर्ने कुराहरु

#### बचत गर्ने बानीको विकास

प्रवासमा कामदारहरू आयआर्जनकै लागि जाने हुँदा र उक्त आर्जनबाट घरपरिवारका लागिसमेत निकै जरूरी र महत्त्वपूर्ण हुने गर्छ । सबै कामदारहरूले आफूले कमाएको पैसालाई बचत गर्ने राम्रो बानीको विकास गर्नुपर्दछ । फाल्तु खर्च नगर्ने, अनावश्यक घूमफिर, बाहिर खाने, खाडी मुलुकहरूमा प्रतिबन्धित र निकै महँगो पर्ने अल्कोहलजन्य मादकपदार्थको सेवन, धूमपान, जुवा तास, लटरी या मनोरञ्जनका लागि गरिने खर्च कटाएर मात्र कमाएको आर्जनको राम्रो बचत गर्न सकिन्छ । धेरै नेपाली श्रमिकले कमाएको ठूलो हिस्सा उपरोक्त शीर्षकहरूमा खर्च गर्ने गरेका पाइन्छन् । यसका अतिरिक्त अनावश्यक तवरमा फोन कल गरिरहँदा पनि तलबको ठूलै हिस्सा खर्च गर्ने गर्दछन्, यस्ता कुराहरूमा राम्रो सोच विचार पुऱ्याउनुपर्दछ । आफूले पाएको तलब नियमितरूपमा घर पठाउने र त्यसरी घर पठाउने रकमको पनि केही हिस्सा उत्पादनमूलक उद्योग व्यवसायमा लगानी गर्ने या सोका लागि नियमित र क्रमिकरूपमा बचत गर्दै वैदेशिक रोजगार कामदारहरूले जान्नैपर्ने कुराहरू जानुपर्दछ । बचत रकम बैंक तथा वित्तीय संस्थामा राखेर सुरक्षितका साथै ब्याज आर्जन गर्न पनि सकिन्छ ।

#### बैंकिङ प्रणालीबाट पैसा पठाउने

आफूले कमाएको पैसालाई जहिल्यै पनि बैंकिङ माध्यमबाटै पठाउनुपर्दछ । विभिन्न मुलुकहरूमा अवैधरूपमा सञ्चालित हुण्डी जस्ता जोखिमपूर्ण माध्यम (सञ्जाल)मा कहिल्यै विश्वास र प्रयोग गर्नुहुँदैन । मुद्राको अवैध कारोबार (हुण्डी) गर्ने दलाल तस्करहरू कतिले नेपाली कामदारहरूको पैसा ठगी गरेर भागेका पनि छन् । त्यस्तो अवैध कारोबार अपनाउँदा देशको राजस्वमासमेत क्षति पुगिरहेको हुन्छ । बैंकिङ माध्यमबाट पठाएको रकमको मात्र स्रोत खुल्ने हुँदा पछि नेपालमा आएर समस्या भोग्नु पर्दैन । अवैध च्यानलबाट पैसा भित्र्याएको खण्डमा आफूले विदेशमा कमाएर जोडेको घर सम्पत्तिको स्रोत खुलाउन नसकेर समस्यामा पर्ने जोखिम हुनसक्छ । त्यसैले सधैं बैंकिङ च्यानलकै प्रयोग गर्नुपर्छ ।

## संसद्मा पनि विभेद हुँदो रहेछ



■ विष्णुबहादुर विश्वकर्मा

> संविधान जारी भएको करिब एक दशक भएको छ । यसको कार्यान्वयनलाई हेर्दा जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । मौलिक हकअन्तर्गत कानुन बन्न सकेका छैनन् । उत्पीडित समुदायलाई सम्बोधन गर्नेगरी ऐनहरु बनेका छैनन् । सरकार र संसद् ऐन बनाउनेभन्दा पनि दलगत स्वार्थमा केन्द्रित हुनु दुर्भाग्य हो ।

राष्ट्रिय सभाको सदस्य भएको एक वर्ष भयो । संसद्मा पहिलोपटक प्रवेश गरेको हुँ । संसद् मैले सोचेभन्दा फरक रहेछ । राष्ट्रिय सभामा आउँदै गर्दा सबै समान होलान् भन्ने लागेको थियो, त्यसो रहेनछ । संसद्मा पनि त्यही किसिमको विभेद हुँदो रहेछ । समान ढंगबाट नीति निर्माण भएको होला भन्ने लागेको थियो । राष्ट्रिय सभामा प्रवेश गरेपछि थाहा भयो, यहाँ पनि दलितमाथिको विभेद् स्पष्ट रूपमा देखिन्छ ।

वि.सं. २०७२ मा संविधान घोषणा भएपछि करिब ३४० वटा ऐन बनेका छन् । मौलिक हकको विषयमा १६ वटा ऐन बने छन् । तर दलित समुदायको मौलिक हकको विषयमा एउटा पनि ऐन बनेको देखिँदैन । दलित समुदायबारे एकीकृत ऐन अहिले पनि बनेको छैन । अन्तरिम संविधानकालमा २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसुर, सजाय) ऐन बनेको थियो । त्यो बाहेक संविधानको मौलिक हकमा व्यवस्था गरिएअनुसार दलितका लागि छुट्टै ऐन बनेको छैन । यसको बारेमा कुनै पनि राजनीतिक दलका प्रतिनिधि र सरकारको ध्यान पुगेको देखिएन । संविधान जारी भएपछि दलित समुदायबाट मन्त्री र राज्यमन्त्री बनेका छन् । तर कसैको पनि दलितसम्बन्धी कानुन बनाउनेतर्फ पर्याप्त ध्यान गएको छैन ।

अहिले संविधान संशोधनका बारेमा छलफल हुन थालेको छ । संविधान संशोधन गर्नुपर्छ तर दलित, महिला, आदिवासी जनजाति, मधेशी, उत्पीडित समुदायको पक्षमा संशोधन गर्नुपर्छ । संविधान संशोधनको नाममा उनीहरूको अधिकार कटौती गर्न पाइँदैन । संशोधन सबैको हित र आवश्यकताका आधारमा हुनुपर्छ । राजनीतिक दलको स्वार्थको निम्ति संशोधन गरिनु हुँदैन ।

राष्ट्रिय सभालाई मात्रै समानुपातिक बनाउने तर प्रतिनिधिसभालाई समानुपातिक नबनाउने तरिकाले संशोधन हुँदै छ भन्ने पनि सुनिन्छ । अहिले दलित, महिला, आदिवासी जनजाति, मधेशी र उत्पीडित समुदायलाई धेरै अधिकार भयो भन्ने बहस पनि चलिरहेको छ । यो गलत व्याख्या हो । ती समुदायका लागि हाल संविधानमा केही अधिकारको व्यवस्था गरिएको छ तर त्यो पर्याप्त छैन । दलित समुदायले पाएका अधिकारलाई अझ थप गर्नुपर्छ । संविधान संशोधन पश्चगमन होइन, अग्रगमनका लागि हुनुपर्छ ।

संविधान जारी भएको करिब एक दशक भएको छ । यसको कार्यान्वयनलाई हेर्दा जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । मौलिक हकअन्तर्गत कानुन बन्न सकेका छैनन् । उत्पीडित समुदायलाई सम्बोधन गर्नेगरी ऐनहरू बनेका छैनन् । सरकार र संसद् ऐन बनाउनेभन्दा पनि दलगत स्वार्थमा केन्द्रित हुनु दुर्भाग्य हो ।

प्रस्ट छ, ऐन नबनेसम्म संविधान कार्यान्वयन हुँदैन । निजामती सेवा ऐन, प्रहरी ऐन र संघीय वित्तसम्बन्धी ऐनहरू बन्न सकेका छैनन् । संविधान पूर्णरूपमा कार्यान्वयन नहुँदा मुलुकमा अराजक स्थिति उत्पन्न हुन्छ । त्यसैले संसद् र सरकारले यथाशीघ्र ऐन बनाउनतर्फ ध्यान दिनुपर्छ ।

अर्को, मुलुकमा भ्रष्टाचार व्याप्त छ । महँगी उत्तिकै छ । नेपाल युवा शक्ति भएको मुलुक हो । तर देशभित्रै रोजगारी नहुँदा दक्ष युवा विदेश पलायन हुनु परेको छ । सरकारले देशभित्र उद्योग कलकारखाना खोलेर विदेसिएका युवाका लागि नेपाल फर्कने वातावरण निर्माण गर्नुपर्छ । विडम्बना के छ भने भएका सरकारले त्यत्रो लगानी गरेर स्थापना गरेका उद्योग, कलकारखानाहरू पनि बन्द अवस्थामा छन् । त्यसलाई सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । उत्पादन बढाउनुपर्छ । सरकारले पटक-पटक नीति बनाउँछ । बजेटमा स्वरोजगारको कुरा आउँछ । तर कार्यान्वयन हुँदैन । गाउँ युवाविहीन हुँदै छ ।

सरकारले बजेटमा कृषि उत्पादनलाई प्राथमिकता दिएको हुन्छ । तर कार्यान्वयनको पाटो कमजोर छ । एक ठाउँका लागि बजेटको व्यवस्था गरिएको हुन्छ तर रातारात अर्को ठाउँमा रकमान्तर हुन्छ । जनताको अवस्था परिवर्तन गर्नु मुख्य कुरा हो । जनतालाई रोजगारी दिनु मुख्य कुरा हो । हामीले व्यवस्था परिवर्तन गरेपनि जनताको अवस्था परिवर्तन गर्न सकेका छैनौं । अब जनताको अवस्था परिवर्तन गर्नेतर्फ सरकारहरू लाग्नुपर्छ । जनताको अवस्था परिवर्तन हुँदै गएपछि विकासका काम त आफैं हुँदै जान्छ ।

अबको मेरो योजना भनेको दलितसम्बन्धी एकीकृत कानुन निर्माणका लागि पहल गर्नेतर्फ हुन्छ । संविधानको धारा २५ र ५० अनुसार कानुन बनाउनेतर्फ मेरो ध्यान जाने छ । ती धाराको आधारमा ऐन बनाउनका लागि मेरो सक्रिय भूमिका हुने छ । दलित समुदायलाई विशेष अधिकार दिनुपर्छ । राजनीतिक दलको सम्पत्ति सार्वजनिक गर्नुपर्छ । सुशासनका लागि राजनीतिक दलहरू पारदर्शी बन्नुपर्छ ।

*(नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहेका राष्ट्रिय सभा सदस्य विश्वकर्मासँग राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीमा आधारित)*

# हिमपातपछि मुस्ताङका किसान खुसी



■ सुन्दरकुमार थकाली

**मुस्ताङ–** हिमाली जिल्ला मुस्ताङमा स्याउलगायतका रैथाने बालीको उत्पादन बढ्ने प्रक्षेपण गरिएको छ । स्याउलगायतका रैथाने बालीको समुचित बगैँचा व्यवस्थापनका साथै आंशिक वर्षा र हिमपात भएकाले स्याउलगायतका रैथाने अन्नबालीको गुणस्तर तथा उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र मुस्ताङले प्रक्षेपण गरेको हो ।

लगातार जिल्लामा दुई वर्षसम्म अनुकूल मौसममासमेत हिउँ नपरेकाले चिन्तित रहेका कृषकहरू केही दिनअघिको वर्षा र हिमपातले खुसी भएका छन् । जलवायु परिवर्तनको परिरहेका जिल्लाका कृषक दुई दिनअघि परेको आंशिक वर्षासँगै हिउँ परेकाले स्याउलगायत यहाँको रैथाने बाली उवा, फापर, जौ र आलु बालीमा प्रसस्त चिस्यान पुगेकाले यहाँका कृषक हर्षित भएको कृषि ज्ञान केन्द्र कार्यालय मुस्ताङले जनाएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङका अनुसार मुस्ताङको स्याउलगायतका रैथाने अन्नबालीको बगैँचा व्यवस्थापन, रोगकीरा नियन्त्रण र अनुकूल समयमा वर्षासँगै हिमपात भएकाले गत वर्षजस्तै यस वर्ष पनि स्याउ तथा अन्य रैथाने बालीको गुणस्तर र उत्पादन राम्रो हुने अनुमान गरिएको छ । जिल्लामा दुई दिनअघि परेको वर्षासँगैको हिउँले कृषकको खेतीयोग्य जमिनलाई चाहिने चिस्यान पूर्ती भएकाले यस वर्ष स्याउलगायतका अन्नबालीको उत्पादन वृद्धि हुने केन्द्र प्रमुख गुरुङले दाबी गरे ।

कृषि ज्ञान केन्द्र मुस्ताङले जिल्लाको विभिन्न स्थानमा पुगेर गरेको स्याउलगायतका रैथाने बालीहरूको स्थलगत सर्वेक्षणमा कृषकहरूले स्याउलगायतका अन्नबालीको बगैँचा व्यवस्थापन राम्रो गरेको निष्कर्ष निकालेको छ । केन्द्रले जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, स्थानीय तह, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ, शीतोष्ण बागवानी विकास केन्द्र, कृषि ज्ञान केन्द्र एक्याप एवं सबै सरोकारवाला संस्थाको संयुक्त समन्वय र सहकार्यमा मुस्ताङका कृषकको बगैँचा व्यवस्थापन तथा रोगकीरा नियन्त्रण कार्यमा सबै बालीको अनुगमन गर्दा राम्रो पाइएकाले गुणस्तर र उत्पादनदर यस वर्ष साविकभन्दा वृद्धि हुने अनुमान गरिएको छ ।

जिल्लामा गत वर्ष स्याउको उत्पादन राम्रो भएको भए पनि जलवायु परिवर्तनका कारण स्याउको परागसेचन हुने बेलामा हुस्सु र वर्षाले गर्दा स्याउको फूल फुल्ने समयमा प्रतिकूल असर पुगेको थियो । यसका कारण त्यस वर्ष जिल्लामा स्याउको उत्पादन तथा गुणस्तरमा ह्रास आएको थियो । जिल्लाको आर्थिक समृद्धिको मेरुदण्ड स्याउखेती भएकाले यहाँका किसानले स्याउखेतीलाई मुख्य प्राथमिकतामा राखेका छन् । यसका साथै, रैथाने बाली उवा, फापर, जौ र लोकल आलु जिल्लाका कृषि उत्पादनमा पहिचान बनेको छ ।

जिल्लामा पुस र माघ, महिनामा स्याउको बगैँचा व्यवस्थापन गरिन्छ । स्याउखेतीका लागि अनाधिकृत हाँगाबिँगाको काँटछाँट, गोडमेल, मलजल, औषधिको प्रयोग र खेतीयोग्य जमिनका सिँचाइको व्यवस्था गर्ने गरिन्छ । स्याउका अलावा असोज र कात्तिक महिनामा उवा, फापर, जौ र आलुलगायतका बाली लगाएर त्यसको सम्पूर्ण खेती बगैँचाको व्यवस्थापन गर्ने गर्दछन् । उपल्लो मुस्ताङमा भने कृषकले फागुनदेखि उवा, जौ, गहुँ र फापरलगायतका अन्नबाली लगाउने गर्दछन् ।

पछिल्लो समय जिल्लाका कृषकलाई स्थानीय जातका स्याउखेतीसँगै नयाँ बगैँचामा उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गर्दै आइरहेका छन् । दोस्रो वर्षमै थोरै क्षेत्रफलमा धेरै उत्पादन दिन सक्ने भएकाले मुस्ताङका कृषक हाइब्रिड स्याउखेतीतर्फ आकर्षित हुन थालेका हुन् ।

मुस्ताङको पाँचवटै स्थानीय तहमा स्याउखेती गरिएको छ । राष्ट्रिय गौरवको सडक सञ्जालले यातायात सहज हुन थालेपछि जिल्लाका कृषकले उत्पादन गरेको स्याउलगायतका अन्नबालीको बजारीकरणमा निकै सहज भएको छ । जिल्लामा गत वर्ष सात हजार ३३० मेट्रिक टन स्याउ उत्पादन हुँदा ८३ करोड रूपैयाँको स्याउ जिल्ला बाहिर निकासी भएको थियो ।

जिल्लाका पाँच स्थानीय तहमा गरी १४ सय हेक्टरमा स्याउखेती गरिएकोमा ५८५ हेक्टरमा स्याउ उत्पादन हुने गरेको छ । जिल्लाको स्याउखेतीले कृषकहरूमा लाभान्वित भएका छैनन्, यहाँका पर्यटन व्यवसायमासमेत टेवा पुगेको छ । भदौदेखि असोज महिनामा यहाँका स्याउ बगैँचामा लटरम्म स्याउ फल्ने भएकाले मुस्ताङ भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकसमेत स्याउ बगैँचा चाहार्ने, फोटो खिच्ने र बगैँचामै यहाँको स्याउ चाख्ने गर्छन् । *रासस*

---

Government of Bagmati Province

Ministry Of Water Supply, Energy and Irrigation

**Water Resources and Irrigation Development Sub-Division Office**

Dhunche, Rasuwa

## Notice for Financial Bid Opening

Date of Publication: 2081/11/22 (06/03/2025)

1. Pursuant to Rule 78 of the Public Procurement Regulation 2064 (including amendments), this is to notify all concerned bidders that, in reference to the notice published on 2081/03/31 (15/07/2024) in the National Daily newspaper Nepal Samacharpatra national daily, the list of successful bidders in the technical proposal evaluation is provided below.

**List of Successful Bidders**

| S.N | Contract Identification No. | Description of work | Name and Address of Bidders |
|---|---|---|---|
| 1 | IMEP/Rasuwa/ B-1a/CW-43 | Construction Of Dhuple Khola Irrigation Sub Project, Naukund 01, Rasuwa | 1. Sundardevi Nirman Sewa, Gerkhu-4 (bidur-10) Nuwakot, Nepal<br>2. Deepak and Diya Builders Pvt. Ltd, Tarkeshwor-21, Nepal |

2. All the Qualified Bidders in Technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on 2081/12/03 (16/03/2025) at 13:00 hrs at Water Resources and Irrigation Development Sub-Division Office Dhunche, Rasuwa.

**Sub-Division Chief**

---

## पालुङ्टार नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
पालुङ्टार गोरखा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/११/२२**

यस कार्यालयको चालु आ.व २०८१/८२ को तपसिल बमोजिमका कार्यहरूको लागि मिति २०८१/१०/१३ गते बोलपत्र आव्हान गरिएकोमा तपसिल अनुसारको फर्महरूको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल:**

| ध | ठेक्का न | योजनाको नाम | आसयपत्र दिएको फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र अग्रिम आयकर बाहेक) रू | कैफियत |
|---|---|---|---|---|---|
| १. | PM/ GOODS/ 81/82-01 | Sustainable Extraction of River Bed Materials from Bhusunde Khola Ghat (Bhusunde Khola), Palungtar-01, Gorkha | Khoplang construction Pvt. Ltd, Siranchowk-04, Gorkha | २६,६८,८८८.०० | |
| २. | PM/ GOODS/ 81/82-02 | Sustainable Extraction of River Bed Materials from Bimere Dovan Ghat (Daraundi River), Palungtar-01, Gorkha | Khoplang construction Pvt. Ltd, Siranchowk-04, Gorkha | १५,००,००८.०० | |
| ३. | PM/ GOODS/ 81/82-08 | Sustainable Extraction of River Bed Materials from Kuna Khet Ghat (Marsyandi River), Palungtar-07, Gorkha | Naba Nirman Construction & Builders, Pokhara MNC-27, Kaski | १७,५५,०००.०० | |
| ४. | PM/ GOODS/ 81/82-09 | Sustainable Extraction of River Bed Materials from Sati Ghat (Marsyandi River), Palungtar-07, Gorkha | Shisakoti Builders & Suppliers Kathmandu | ५,५१,०००.०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ

कोसी प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गरिने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/२२**

यस कार्यालयवाट मिति २०८१/०९/२९ गते प्रथम पटक प्रकाशित बोलपत्र आब्ह्वानको सूचना ठेक्का नं. जिन्सी ०४/२०८१/०८२ अन्तर्गत औषधी तथा औषधीजन्य सामानहरु सप्लाई गर्न रितपूर्वक कार्यालयमा दाखिला हुन आएको जम्मा- ६(छ) थान शिलवन्दी दरभाउपत्रहरु मध्ये निम्न शिलवन्दी दरभाउपत्र सारभूत रुपमा प्रभावग्राहि र न्यून मुल्यांकित रहेको पाईएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार शिलवन्दी दरभाउपत्र स्वीकृतिको लागी छनौट गर्ने आशयको सूचना सम्बन्धित दरभाउपत्रदाताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :-**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको प्रस्तावदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर सहितको) |
|---|---|---|---|---|
| ०१ | जिन्सी ०४/२०८१।०८२ | औषधी तथा औषधीजन्य सामानहरु सप्लाई सम्बन्धी | श्री रामलक्ष्मण फार्मेशी ईटहरी, सुनसरी | रू. २०,९७,५१३।५० (विस लाख सन्तानव्वे हजार पांचसय तेह्र रुपैया पैसा पचास मात्र) |

**बोधार्थ:-**

श्री यसोदा फर्मा ट्रेडर्स विराटनगर मोरङ.

श्री हेल्पिङ. हेल्थ पोलिकिल्नीक प्रा. लि. मैतिदेवी काठमाडौं

श्री निरजामा मेडिको सप्लायर्स मध्यपुर थिमी चक्तपुर

श्री चिराग फार्मेशी रानीपौवा पोखरा

श्री न्युट्रोन मेडिको फर्मामधयपुर थिमी भक्तपुर काठमाडौं

**(अभय कुमार गुप्ता)**
**प्रमुख प्रशासकीय अधिकृत**

---

## भोटेकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/११/२२**

यस गाउँपालिकाबाट मिति २०८१/१०/०६ मा तपसिल बमोजिमको निर्माण कार्यका लागि अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव यही मिति २०८१/१२/०१ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सम्वन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1. | BRM/W/ NCB/ 081/082-07 | Rivertraining Works At Bokcheng Bailey Bridge, Bhotekoshi RM-2, 3, Sindhupalchok | 1. PB-MNS JV, Gothatar, Kathmandu<br>2. BNT Nirman Sewa, Pepsicola, Kathmandu<br>3. Abij/Tista/Bikash JV, Chautara, Sindhupalchok |

**प्रमुख प्रशासकीय अधिकृत**

---

*आयो टप्प टिप्यो लग्यो मिति पुयो टारेर टर्दैन त्यो*
*इन्द्रै बिनित गरुन भुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !!*

## हार्दिक श्रद्धाञ्जली



**जन्म:** १९९३/१०/१२

**स्व. गणेश बहादुर प्रजापति**

**स्वर्गारोहण:** २०८१/११/१०

हाम्रा प्रातः स्मरणीय पुजनिय पिता **स्वः गणेश बहादुर प्रजापति**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछौ ।

**श्रीमती : सन्त कुमारी प्रजापति**

**छोरा/बुहारीहरुः**
राजु/देउमाया श्रेष्ठ प्रजापति
राजन/सुमित्रा गुरुङ प्रजापति
राजेन्द्र/कासी गुरुङ प्रजापति
राजेश/अरुना कार्की प्रजापति
राकेश/विनु थापा प्रजापति

**छोरी/ज्वाईहरुः**
मिना कुमारी/दुर्गा प्रसाद श्रेष्ठ
मञ्जु/चिज कुमार श्रेष्ठ

**नतिनिहरु :**
अस्मी, कञ्चन प्रजापति

**नातिहरुः**
सुन्दर, सुदिप, मुस्कान श्रेष्ठ
साजन प्रजापति
आरुष प्रजापति
आरभ प्रजापति
आयुन्स प्रजापति

तथा

**समस्त प्रजापति परिवार**

वेसीशहर-११, लमजुङ

# 'द्वन्द्वप्रधान चलचित्रमा जोखिम छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्य विधाको तुलनामा द्वन्द्व विधामा निर्माण गरिने चलचित्रमा जोखिम हुनुका साथै लगानी बढी लाग्ने अभिनेता सुशील श्रेष्ठले बताएका छन् । यहाँ चलचित्र 'आउट ल : दफा २१९' को विषयमा जानकारी दिन आयोजना गरिएको पत्रकार सम्मेलनमा अभिनेता श्रेष्ठले नेपालमा उपलब्ध स्रोत र साधनको प्रयोगमा तयार गरिने द्वन्द्वप्रधान चलचित्रमा जोखिमको सम्भावना रहने बताए ।

उनले भने, 'अन्य विधाका चलचित्रमा मैले सरल रूपमै छायाङ्कन सम्पन्न गरेँ तर यसपटक निकै मेहनत गरेको छु । एउटा द्वन्द्वको दृश्य खिच्न नौ दिन लागेको छ । यस्ता दृश्य खिच्दा थकित हुनुका साथै जोखिम पनि उत्तिकै हुन्छ । विदेशी चलचित्रमा कलाकारझैँ देखिने जोखिमका दृश्य गर्ने भए तापनि नेपालमा भने अभिनेताले नै सबै दृश्य गर्नुपर्छ । द्वन्द्वका दृश्यको छायाङ्कन गर्दा मेरो हातको औँला भाचिनेदेखि चोटपटक लाग्ने धेरै नै भयो ।'




प्रायः प्रेमकथानक चलचित्रमा देखिरहनुभएका अभिनेता श्रेष्ठले यसपटक फरक चलचित्रमा काम गर्न दुई वर्ष लागेको जानकारी दिए । 'मैले एउटा अभिनेताले गर्नुपर्ने मेहनतमा कमी गरेको छैन । मेरो औँला भाँचिए पनि छायाङ्कन गर्ने सेट निर्माण भएकाले एउटा हातकै सहाराले पनि काम गरेँ । किनकि हामी कहाँ नेपालमा छायाङ्कन रोकियो भने बजेट बढ्छ, निर्मातालाई लगानी उठाउन कठिनाइ हुन्छ । सोही कारण आफैँले पीडा सहेर पनि काम सकेँ', अभिनेता श्रेष्ठले भने, 'अहिले म घाइते भएर पनि काम गरेको दृश्यलाई पर्दामा हेर्दा सन्तुष्टि मिलेको छ । चलचित्र भनेको सामूहिक कार्य हो, राम्रो बनाउन हामी सबैले उत्तिकै मेहनत गरेका छौँ ।'

उनले आफूले आगामी दिनमा द्वन्द्वप्रधान चलचित्रमा काम गर्ने की नगर्ने भन्ने विषयको निर्क्यौल 'आउट ल : दफा २१९' सफलता वा असफलताले गर्ने बताए । उनले दफा २१९ कै विषयलाई केन्द्रमा राखेर चलचित्र तयार गरिएको बताए । चलचित्रका निर्देशक विक्की महर्जनले नेपालमा बनिरहेका भन्दा फरक गर्ने प्रयासमा दुई वर्ष आगाडि नै द्वन्द्व विधालाई रोजेर काम गरिएको बताए ।

'हाम्रो चलचित्रमा प्राविधिक पक्षलाई समय दिनुपरेकाले दुई वर्ष लाग्यो । तर, तत्कालीन समयमा पारिवारिक चलचित्र मात्र बनिरहेको सन्दर्भलाई मध्यनजर गर्दै विविधता चाहिन्छ भने द्वन्द्वप्रधान चलचित्र निर्माण सुरू गरेका थियौँ । यसमा हामीले कुनै सम्झौता गरेका छैनौँ, सोही कारण समय लागेको हो', निर्देशक महर्जनले स्पष्ट गरे ।

उनले द्वन्द्वको एउटा दृश्यलाई खिच्न रु ४० लाख लागेको समेत दाबी गरे । उनका अनुसार विदेशी चलचित्रमा देखिने द्वन्द्वका दृश्यझैँ 'आउट ल : दफा २१९' का दृश्यलाई तयार गरिएको छ । यही फागुन २९ गतेदेखि देशभर प्रदर्शन हुने चलचित्रलाई अमित अग्रहरी र निशा गुइडेले निर्माण गरेका हुन् । निर्देशक महर्जन र दीर्घ धामीले संयुक्तरूपमा पटकथा तयार गरेको चलचित्रमा नवीन गुरुङले छायाङ्कन र साहिल खानले सम्पादन गरेका हुन् । उक्त चलचित्र निर्माणमा करिब रु तीन करोड खर्च भएको सो अवसरमा बताइयो ।

# डा. निराकारमानको मनोस्वास्थ्य तथा मनोरोग पुस्तक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ मनोचिकित्सक एवं पूर्वस्वास्थ्य सचिव डा. निराकारमान श्रेष्ठको मनोस्वास्थ्य तथा मनोरोग पुस्तक सार्वजनिक भएको छ । डा. श्रेष्ठको उक्त पुस्तक हालै सार्वजकि भएको हो। यस पुस्तकमा मानसिक स्वास्थ्य र यसको महत्त्व, मानसिक रूपले स्वस्थ रहने उपाय, मानसिक रोगसम्बन्धी केही आत्मविश्वास तथा गलत धारणा, मानसिक रोगका मोटामोटी प्रकार, जनरलाइज्ड एड्जाइटी डिसअर्डरलगायत विष्यवस्तुबारे प्रकाश पारिएको छ । त्यस्तै, फोबिक डिसअर्डरदेखि हिस्टेरिया, आत्महत्या, सुस्तमनस्थिति, माइग्रेन, अल्जाइमर्स र नेपालमा मानसिक रोगको उपचारमा देखिएका समस्या र निकारकणबारे पुस्तकमा चर्चा गरिएको छ ।

विभिन्न धार्मिक सूक्ति र नीतिशतकका केही दृष्टान्त दिँदै आध्यात्मिक ज्ञानको आधारमा लागुऔषध दुर्व्यसनका विभिन्न पक्षबारे चर्चा गर्दै मनुष्य जीवनमा शान्ति तथा सुख प्राप्त गर्ने तरिका, चञ्चल मनको नियन्त्रण, विपद् रोकथाम तथा विपद व्यवस्थापन दुर्व्यसनको उपचार पद्धतिबारे पुस्तका प्रट पारिएको छ । डा श्रेष्ठले मानसिक रोगको औषधोपचार गराउँदा बिरामीको हेरचाह गर्ने व्यक्ति तथा परिवारले बुझ्नुपर्ने र ध्यान दिनुपर्ने कुरादेखि मानसिक स्वास्थ्य सेवालाई




सुदृढ तथा सशक्त पार्ने उपायबारे उल्लेख गर्दै मानसिक रोगसम्बन्धी केही अन्धविश्वास तथा गलत धारणाबारे बुँदागत रूपमा प्रस्ट पारेका छन् । मनोचिकित्सक श्रेष्ठले मनोरोगका प्रकार, अवस्था आदि विषयमा विस्तृत प्रकाश पार्नुका साथै हजारौँ रोगीसँगको आफ्नो अनुभवलाई समेटेर पुस्तकको आकार दिएका हुन् ।

## रंगशाला

# युगान्डा टुरमा जाने महिला क्रिकेट टिमको बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं –** युगाण्डा टूरमा जाने नेपाली राष्ट्रिय महिला टिमलाई नेपाल क्रिकेट संघले बिदाई गरेको छ । सो अवसरमा क्यानका सचिव पारस खड्का लगायतले टिमलाई सफलताको शुभकामना दिएका थिए ।

युगाण्डा क्रिकेट एसोसियसनको आयोजनामा मार्च ८ देखि १६ सम्म युगाण्डामा संचालन हुने चार देशीय सिरिजका लागि क्यानले इन्दु बर्माको कप्तानीमा १४ सदस्यीय टिम घोषणा गरेको छ ।

जसमा कप्तान इन्दु बर्मा, विन्दु रावल, रिया शर्मा, सम्झना कुमारी खड्का, ममता चौधरी, पुजा महतो, राजमती ऐरी, कविता जोशी, रुबिना क्षेत्री, अलिसा कुमारी यादव, रोमा थापा, रचना चौधरी, सना प्रवीन र ईश्वरी विष्ट छन् । यस टूरमा सिता राना मगर, युवा खेलाडी मनिषा उपाध्यायलाई बाहिर राखिएको छ ।

युगाण्डामा नेपालले युगाण्डा, हङकङ र नामिबिया सम्मिलित चार देशीय सिरिज खेल्दै छ । जस अनुसार नेपालले पहिलो खेल मार्च ८ मा नामिबियाविरुद्ध, मार्च ९ मा युगाण्डाविरुद्ध, मार्च १० मा हङकङविरुद्ध, मार्च १२ मा नामिबियाविरुद्ध, मार्च १३ मा युगाण्डाविरुद्ध र मार्च १४ मा हङकङविरुद्ध खेल्ने तालिका रहेको छ । त्यसपछि मार्च १६ मा अंक तालिकामा पहिलो र दोस्रो हुने तथा तेस्रो र चौथो हुने देशबीच खेल हुने तालिका रहेको छ ।

# आयोजक रेसिङ साहारा पहिलोपटक फाइनलमा

**बाँके (प्रस)–** तेस्रो संस्करणको मुख्यमन्त्री कोहलपुर गोल्डकपमा आयोजक कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको छ । बुधबार प्लानिङ ब्वाईज युनाइटेड क्लब काठमाडौँलाई पेनाल्टी सुटआउटमा हराउँदै कोहलपुर रेसिङ साहारा क्लब प्रतियोगितामा पहिलो पटक फाइनल प्रवेश गरेको हो ।

दोस्रो हाफको ४७ औं मिनेटमा कोहलपुर रेसिङ साहारा क्लबका श्याम बिडारीले पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । खेलको ५६ औं मिनेटमा प्लानिङ ब्वाईज युनाइटेड क्लब काठमाडौं ओम प्रकाश चौधरीले बराबरी गोल फर्काएका थिए ।

निर्धारित समयमा १-१ को बराबरी भएपछि पेनाल्टी सुटआउटमा प्लानिङलाई ४-३ ले हराउँदै कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको हो । आयोजक कोहलपुर रेसिङ साहारा क्लबको यो दोस्रो जित हो । समूह चरणको पहिलो खेलमा कोहलपुर रेसिङ साहारा क्लबले लुम्बिनी फुटबल एकेडेमीलाई हराएको थियो ।

खेलको म्यान द म्याच कोहलपुर रेसिङ साहारा क्लबका गोलकिपर अमानत शेष भए । उनले नगद पाँच हजार रूपैयाँ प्राप्त गरे । शेषलाई नेपालगन्ज उपमहानगरपालिकाका नगरप्रमुख प्रसान्त विष्ट र कोहलपुर नगरपालिकाका उपप्रमुख संगीता सुवेदीले नगद्सहित ट्रफी हस्तान्तरण गरेका थिए ।

कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७ गतेदेखि प्रतियोगिता सुरु भएको हो । घाना र भारतीसहित आठ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रूपैयाँ र द्वितीय हुने टिमले चार लाख रूपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिता फागुन २४ गतेसम्म चल्ने प्रतियोगिता संयोजक कर्ण बस्नेतले जानकारी दिए ।


**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

रेडक्रसग्राम, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८१-११-२२)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| S. N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 015/Works/ NCB/KM/ 081/082 | Different Roads Maintainance Work In Kalika Municipality ward no - 2, 4, 5, 6 & 7 Chitwan, Nepal | 2081-10-18 (BS) | 60,95,129.00 | Shurbit Infrastructures Pvt. Ltd. Ratnanagar-12, Chitwan | |

प्रमुख प्रशासकीय अधिकृत

**Triyuga Municipality**
**Office of The Municipal Executive**
Gaighat, Udayapur
Koshi Province, Nepal

**Invitation For Bid**

**IFB No.: -21-TM/UDA/2081/082**

Date of Publication: - 2081-11-22 (2025-03-06)

1. ***Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.***

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB -WORKS-21/ 2081-082 | Construction of First Floor Ward Office Building, Tri.Na. Pa-8, Udayapur | 36,62,260.96 | 3,000.00 | 1,09,000.00 | 90 days/ 120 days |

2. ***Information to deposit the cost of bidding document and bid bond in bank:***

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | **2081-12-24 (06th Apr. 2025) Time: -12:00 Hrs.** |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | **2081-12-24 (06th Apr. 2025) Time: -13:00 Hrs.** |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | **2081-12-15 (28th Mar. 2025) Time: -11:00 Hrs.** |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. ***Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp***
4. ***Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.***
5. ***Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.***
6. ***Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.***
7. ***Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.***

**CHIEF ADMINISTRATIVE OFFICER**

# 'अमेरिका इज ब्याक' : ट्रम्प

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्तामा फर्किएपछि पहिलोपटक अमेरिकी कंग्रेस (संसद्)लाई सम्बोधन गर्दै 'अमेरिका फर्किएको' घोषणा गरेका छन् । आफ्नो कट्टरपन्थी नीतिको प्रशंसा गर्दै डेमोक्रयाटिक पार्टीको शत्रुताको सामना गरे पनि युक्रेनमा सफलताको घोषणा गरेका छन् ।

राष्ट्रपति ट्रम्पले अर्बपति सल्लाहकार एलन मस्कले संघीय कर्मचारीतन्त्रमाथि गरेको विवादास्पद हस्तक्षेपको बारम्बार प्रशंसा गर्दै भने, 'मेरो प्रशासन भर्खर सुरु हुँदै छ ।'

सन् २००० मा बिल क्लिन्टनको 'स्टेट अफ द युनियन'को भाषणको लम्बाइलाई रेकर्ड तोडेको एक घण्टा ४० मिनेट लामो भाषणमा ट्रम्पले भने, 'अमेरिकी सपना अजेय छ । जेम्स ट्रस्लो एडम्सद्वारा १९३१ मा महामन्दीको समयमा लोकप्रिय भएको 'अमेरिकन ड्रिम्स' भनेको संयुक्त राज्य अमेरिकाको कथित राष्ट्रिय लोकाचारलाई जनाउने वाक्यांश हो । यसको अर्थ अमेरिकी प्रत्येक व्यक्तिसँग सफल हुने र राम्रो जीवन प्राप्त गर्ने स्वतन्त्रता र अवसर छ भन्ने हो ।'

लगभग हरेक वाक्यांशसँगै रिपब्लिकन पार्टीका सदस्यहरूबाट ठूलो तालीको गडगडाहट पाएको उक्त सम्बोधनमा ट्रम्पले छुट्टाछुट्टै दुईपटक स्पेसएक्स र टेस्लाका मालिक मस्कको नाम उच्चारण गरेका थिए । सम्बोधनमा तालीको गडगडाहटकै केही मिनेटमै विपक्षी सांसद्बाट विरोध गरिएको थियो । विरोधका क्रममा स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई लिएर ट्रम्पको विरोध गरिरहेका डेमोक्र्याटहरूले चुपचाप 'झूटो', 'मस्कले चोरी गरे' र 'यो झूट हो' जस्ता प्लेकार्डहरू बोकेर सभा हलमा उभिएका थिए ।

विरोधको कुनै एक क्षणमा अधिकांश डेमोक्र्याटहरूले ट्रम्पले आफ्नो चुनावी हार स्वीकार गर्न अस्वीकार गरेको सन् २०२१ जनवरी ६ मा क्यापिटोलमा ट्रम्पका समर्थकहरूले हिंसात्मक आक्रमणको विगत कोटचाउने प्रयास गर्दै 'जनवरी ६' भनेर नारा लगाएका थिए । ७८ वर्षीय राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो छ हप्ताको प्रशंसा गर्दै अमेरिकी सरकारलाई नयाँ आकार दिन र युक्रेन युद्ध अन्त्यका लागि आफ्नो ध्रुवीकरणको प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरे । *रासस/एएफपी*

# रक्षा खर्च ७.२ प्रतिशतले बढाउँदै चीन

**बेइजिङ–** आफ्ना सशस्त्र सेनाहरू द्रुत आधुनिकीकरण र संयुक्त राज्य अमेरिकासँग गहिरो रणनीतिक प्रतिस्पर्धामा रहेको बेला चीनले बुधबार उसको रक्षा खर्च यस वर्ष गत वर्षको जस्तै ७.२ प्रतिशतले बढ्ने घोषणा गरेको छ । देशको सशस्त्र सेनामा खर्च दशौं वर्षदेखि बढ्दै गएको छ । यो मोटामोटी आर्थिक वृद्धिसँग मेल खान्छ ।

चीनसँग दोस्रो सबैभन्दा ठूलो सैन्य बजेट छ तर प्राथमिक रणनीतिक प्रतिद्वन्द्वी संयुक्त राज्य अमेरिकाभन्दा धेरै पछाडि छ । यद्यपि चीनको जनमुक्ति सेना (पिएलए) ले सैनिक कर्मचारीको संख्याका हिसाबले अमेरिकी सेनालाई पछाडि पारेको छ । बेइजिङको यस वर्षको १७ खर्ब ८० अर्ब युआन (दुई खर्ब ४५ अर्ब ७० करोड डलर) को रक्षा बजेट अझै वासिङ्टनको एक-तिहाइभन्दा कम छ ।

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युटका अनुसार गत वर्ष चीनको सैन्य खर्च कूल गार्हस्थ उत्पादन (जिडिपी) को १.६ प्रतिशत थियो । यो अमेरिका र रुसको तुलनामा निकै कम हो । तर यसको रक्षा विस्तारलाई वासिङ्टनका साथै जापानलगायत क्षेत्रका अन्य शक्तिहरूले शंकाका साथ हेरेका छन् । यिनीहरूबीच पूर्वी चीन सागरमा टापुहरूको भौगोलिक विवाद छ । यस हप्ता चीनको 'दुई सत्र' बैठकको दोस्रो राष्ट्रिय जन कंग्रेसको उद्घाटनसत्रका लागि बेइजिङमा हजारौं प्रतिनिधिहरू भेला भएपछि बजेट वृद्धि भएको हो ।

त्यस सत्रमा प्रधानमन्त्री ली किआङले ताइवान र मुख्य भूमिबीच शान्तिपूर्ण विकास प्रवर्द्धन गर्न सकियोस भनेर चीनले ताइवानको स्वतन्त्रता र बाह्य हस्तक्षेपलाई लक्षित गर्ने पृथकतावादी गतिविधिहरूको दृढतापूर्वक विरोध गर्ने वाचा गरे । *रासस/एएफपी*

# जापानमा ५० वर्षयताकै भीषण डढेलो, वर्षा र हिमपातले राहत दिने आशा

**ओफुनातो, जापान–** जापानमा आधा शताब्दीयताकै सबैभन्दा भयानक डढेलो लागेको छ । डढेलो निभाउन संघर्ष गरिरहेको जापानी प्रशासन र पीडित नागरिकका लागि बुधबार परेको पानी र हिउको हल्का बर्षाले डढेलो नियन्त्रणमा सहयोग पुग्ने आशा पलाएको छ ।

उत्तरी सहर ओफुनातो वरपर एक हप्ताभन्दा बढी समयदेखि लागेको डढेलोका कारण एक जनाको मृत्यु हुनुका साथै करिब चार हजार बासिन्दालाई आफ्नो घर खाली गर्न बाध्य पारिएको छ । यसले लगभग दुई हजार ९०० हेक्टर (म्यानहट्टनको लगभग आधा आकार) लाई सखाप पारेको छ र यो सन् १९७५ होक्काइदोमा दुई हजार ७०० हेक्टर जलेको डढेलोपछिको सबैभन्दा ठूलो डढेलो हो ।

एएफपीका संवाददाताका अनुसार बुधबार भएको हल्का वर्षा र हिउँका कारण पहाडहरूबाट सेतो कुहिरो निस्केको देखिएको थियो । बिहीबारसम्म थप पानी पर्ने अनुमान गरिएको छ ।

आफ्नो घरबाट भागेर आफन्तसँग बसिरहेका ८५ वर्षीय मित्सुओ ओत्सुबोले भने, 'मैले पहिले कहिल्यै नदेखेको यति ठूलो डढेलोले बस्तीहरूलाई त्रसित पारेको छ । यो विशाल छ र तीव्र गतिमा फैलिइरहेको छ ।'

'यो वर्ष वर्षा वा हिमपात भएको छैन । खुसीको कुरा आज वर्षा भएको छ । म केवल आशा गर्न सक्छु कि यसले स्थितिलाई नियन्त्रण गर्न मद्दत गर्ने छ,' समुद्री शैवाल र 'स्क्यालप' (सामुद्रिक झार) को खेती गर्ने एक किसानले भने ।

जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम बढेसँगै जापानमा गत वर्ष अहिलेसम्मकै सबैभन्दा बढी गर्मी भएको थियो । ओफुनातोमा फेब्रुअरीमा मात्र २.५ मिलिमिटर (०.१ इन्च) वर्षा भएको थियो जसले सन् १९६७ को ४.४ मिलिमिटरको उक्त महिनाको रेकर्ड तोडेको थियो । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : Saleh Al-Juhani Sons Company factory for ready-mixed concrete

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319810 | चलानी नं. ६०२३३९७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 6 | 0 | 1200 | ४४,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## युएइमा रोजगार

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319819 | चलानी नं. ६०२३३९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 900 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## युएइमा रोजगार

कम्पनी : KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319704 | चलानी नं. ६०२३३९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 35 | 0 | 900 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Construction Carpenter | 35 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २९ गते (13 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORK AND WORKERS PVT.LTD.**

Budhanilkantha-7, Hattigauda, Kathmandu, Nepal, Tel: +977-15369218

Email: office@worknworkers.com, Web: www.worknworers.com

श्रम इजाजत नं. १७४१/०८१/०८२


## Shikhar Municipality
## Office of the Municipal Executive
### Talkot, Doti

## Invitation for Online Bid

**(Notice No: 10/081/082)**

**Date of First Publication: 2081-11-22 (6th March, 2025)**

1. Shikhar Municipality, Doti, invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (NRs.) Without Vat/PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 10-081/082/NCB/SMDOTI | Salmuni Prachin Devsthal Paryatan Parbardhan Tatha Bybasthanpan Karye Shikhar Municipality-02, Doti | 90 days | 85,04,294.83 | 2,42,000.00 | 3,000.00 |
| 2 | 11-081/082/NCB/SMDOTI | Adarbhut Swastya Sewa Kendra Bhaban Nirman Shikhar Municipality-03, Doti | 90 days | 33,33,922.34 | 95,000.00 | 3,000.00 |

2. **Purchase, Submission and Opening:**

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 06/04/2025 | 12:00 | 06/04/2025 | 12:00 | 06/04/2025 | 13:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. **Revenue Details:**

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200001 | 14229 |

4. **Bid Security Details:**

| Account Holder's | Name Bank Name and Address | Office Code | Account Number |
|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200002 |

5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality, Doti.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**युवा तथा खेलकुद मन्त्रालय**
## फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति
**धनगढी, कैलाली**

## फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/११/२२**

सुदूर पश्चिम प्रदेश, कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका-३ मा फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण विकास समितिद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण विकास समितिधनगढी, कैलाली फोन नं:- ०९१-५९०६१५, मेल: ficgdc2079@gmail.com |
| **प्रस्तावको व्यहोरा** | ५०,००० जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान तथा खेलग्राम निर्माण तथा संचालन गर्न लागिएको छ । |
| **प्रभाव पार्ने जिल्ला नगरपालिका** | सुदूर पश्चिम प्रदेश, कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका-०३ र कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका-०९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकंन क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सास्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको उप.न.पा/न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना**

| प्रस्तावक नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण विकास समिति, धनगढी, कैलाली फोन नं.:- ०९१-५९०६१५, इमेल:- ficgdc2079@gmail.com | ग्रिड-मास-श्रेष्ठ जे. भी बानेश्वर, काठमाडौं फोन नं.:- ९८५११७७४६५ इमेल:- gridconsult.consult@gmail.com maasconsult12345@gmail.com |

*आयो टप्प टिप्यो लग्यो मिति पुयो टारेर टर्दैन त्यो*
*इन्द्रै बिनित गरुन झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !!*

## हार्दिक श्रद्धाञ्जली



**जन्म:** १९९३/१०/१२

**स्वर्गारोहण:** २०८१/११/१०

**स्व. गणेश बहादुर प्रजापति**

**नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेश समितिका कोषाध्यक्ष, हाम्रो हेडलाईन डटकम, एवं एम. आर. एड्भरटाइजिङ्ग एजेन्सी प्रा.लि.**का संचालक **राजेन्द्र प्रजापति** तथा **सपोर्ट मिडिया प्रा.लि., हाम्रो हेडलाईन डटकम**का **अध्यक्ष राकेश प्रजापति**का पुजनिय बुबा तथा **भर्चुअल मिडिया प्रा.लि.का संचालक काशी गुरुङ प्रजापति**की ससुरा **स्व: गणेश बहादुर प्रजापति**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछौ ।

साथै यस दु:खद घडिमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारणा गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौ र

**प्रभाव पब्लिकेशन प्रा. लि.**
*एवम्*
प्रभाव दैनिक परिवार, सिफल, काठमाडौं


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं. ४८०-०७०/०७१, म.क्ष.हु.नि.द.नं. ९/०७२/०७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७०४०० | प्रति तोला - ० | प्रति तोला - १९५० |



**पल्प एन्ड पेपर इन्डस्ट्रिज** | महोत्तरी जिल्लाको गौशला नगरपालिका-१, रामनगर इटाटारमा नवनिर्मित नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज प्रालिमा कागज मिलाउँदै स्थानीय महिला श्रमिकहरू । दुई अर्बभन्दा बढी लगानी रहेको यस उद्योगले ३०० जनाभन्दा बढीलाई रोजगारी दिएको छ ।

*तस्बिरः प्रदीपराज वन्त/रासस*

## यथार्थपरक बजेट तर्जुमा गर्न अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं-** अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण प्रक्रिया प्रारम्भ गरेको छ । सोही क्रममा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका साथै सम्बद्ध विभाग र निकायसँग परामर्श गरेको छ ।

उक्त अवसरमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट अनुशासित र यथार्थपरक हुने प्रतिबद्धता व्यक्त गरे । यथार्थपरक बजेट ल्याउँदा आर्थिक वर्षको बीचमा रकमान्तर तथा संशोधनको आवश्यकता नपर्ने र कार्यान्वयन गर्न सहज हुने उनको भनाइ छ ।

मन्त्रालयगत छलफलका क्रममा अर्थमन्त्री पौडेलले बजेट निर्माणमा विगतका अनुभवबाट सिक्दै अघि बढ्नुपर्ने बताए । त्यस्तै, संघीय संरचनालाई ध्यानमा राखी सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने गरी बजेट निर्माण गरिने उनको भनाइ थियो । बजेट बनाउँदा सबै मन्त्रालय तथा अन्य निकायको सहकार्य आवश्यक पर्ने र बजेटप्रति सबै पक्षको अपनत्व हुने विश्वास उनले व्यक्त गरे ।

विपद्पछिको पुनःनिर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयनयोग्य, प्रभावकारी र नतिजामुखी बजेट निर्माण गर्ने पनि अर्थमन्त्री पौडेलले बताए । सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच समन्वय मिलाई आगामी आर्थिक वर्षको बजेट तयार गरिनेसमेत उनले स्पष्ट पारे ।

कार्यान्वयन गर्न कठिन हुने तथा न्यून प्राथमिकताका आयोजनालाई स्थगन गर्दै व्यवहारिक योजना मात्र समावेश गर्न अर्थमन्त्री पौडेलले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएका छन् । साना योजना कटौती गर्दै क्रमागत योजनाको संख्या घटाउनुपर्ने उनको सुझाव थियो । साथै, पूर्वतयारी पूरा भएका र अत्यावश्यक आयोजनालाई मात्र समेट्नुपर्नेमा उनले जोड दिए ।

बजेट प्रस्ताव गर्दा सिलिङलाई ध्यानमा राख्नुपर्ने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले मन्त्रालयलाई योजनाबद्धरूपमा कार्य गर्नसमेत आग्रह गरे । राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू १९ खर्ब ६५ करोडको सीमाभित्र रहेर बजेट ल्याउन सकिने गरी सरकारलाई सिफारिस गरेको छ ।

## पोल्ट्रीजन्य वस्तुको अवैध आयात रोक्न मुख्यमन्त्री सिंहको निर्देशन

■ प्रभाव संवाददाता

**जनकपुर-** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सीमा नाकाबाट हुने पोल्ट्रीजन्य वस्तुको अवैध आयातमा रोक लगाउन प्रदेशका सुरक्षा अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

उनले विभिन्न नाकाबाट अवैध रूपमा भित्रिने अण्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्रेट, कार्टुन र भ्याक्सिनको ओसारपसार नियन्त्रण गर्न मधेस प्रहरी प्रमुख लालमणि आचार्य र सशस्त्र प्रहरी बल मधेस प्रदेश छिन्नमस्ता बाहिनी नम्बर नं २ मुख्यालयका प्रमुख कालीदास धौवजीलाई निर्देशन दिएका हुन् ।

सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त कुखुराको अण्डा तथा मासु उपलब्ध गराइरहेको नेपालको पोल्ट्री व्यवसाय भारतबाट अवैध रूपमा भित्रिने पोल्ट्रीजन्य वस्तुका कारण संकटग्रस्त हुन थालेको र भारतका विभिन्न प्रान्तमा देखापरेका बर्डफ्लु भित्रिने जोखिम उच्च रहेकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात नियन्त्रण गर्नुपर्ने माग राख्दै नेपाल लेयर्स कुखुरापालक संघले मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको थियो ।

कुखुरापालक व्यावसायीले देशको कूल गार्हस्थ उत्पादनमा तीन प्रतिशत हिस्सा ओगटेको र प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पाँच लाख व्यक्तिलाई रोजगार दिएको पोल्ट्री क्षेत्रको संरक्षण तथा प्रवर्द्धनका लागि पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोकिनुपर्ने माग राखेका थिए ।

मुख्यमन्त्री सिंहले पोल्ट्रीजन्य पदार्थको खुला बिक्रीवितरणमा साना पुँजी भएका व्यक्तिहरूको संलग्नता रहेकाले चेतनामूलक कार्यक्रमका साथ नियन्त्रण प्रयास हुनुपर्ने बताए । उनले भने, 'अवैध आयात नियन्त्रण गर्न त्यसरी आयातीत वस्तुको बिक्रीवितरण निषेधमा जोड दिनुपर्छ । यसका लागि साना व्यापारीमा अवैध तरिकाले भित्रिएका पोल्ट्रीजन्य पदार्थबाट जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर बारे चेतना जागृत गर्नुपर्छ ।'

उनले योजनाबद्ध तरिकाले पोल्ट्रीजन्य वस्तुको अवैध आयात रोक्न सुरक्षा अधिकारीहरूलाई निर्देशन दिँदै त्यस्ता वस्तुको अवैध आयात हुने नाका र क्षेत्र पहिचान गरी प्रहरी परिचालन गर्नुपर्ने बताए ।

नेपालको पोल्ट्री व्यवसायमा रु एक खर्ब ६० अर्ब लगानी रहेको नेपाल लेयर्स कुखुरापालक सङ्घले जनाएको छ ।

## तेस्रो दिन पनि दोहोरो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं-** यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो तीन दिन भने लगातार दोहोरो अङ्कको गिरावट देखिएको छ ।

नेप्से परिसूचक २५ दशमलव १६ अङ्कले घटेर दुई हजार आठ सय २१ दशमलव १३ को विन्दुमा कायम भएको हो । तीन सय आठ कम्पनीको दुई करोड ३३ लाख ४३ हजार दुई सय एक कित्ता शेयर एक लाख एक हजार छ सय तीन पटक खरिदबिक्री हुँदा रु १० अर्ब ९७ करोड २६ लाख ५४ हजार चार सय ७३ बराबरको कारोबार भएको छ ।

कारोबारमा व्यापार समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव शून्य चार, विकास बैंक एक दशमलव ३१, वित्त एक दशमलव ५५, होटल तथा पर्यटन एक दशमलव शून्य पाँच, जलविद्युत् शून्य दशमलव ३७ र लगानी समूह एक दशमलव २४ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बिमा एक दशमलव ४५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९४, लघुवित्त शून्य दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव १५, निर्जीवन बिमा एक दशमलव ५१ र अन्य समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ९६ करोड ७० लाख ९५ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड-२ को ११ लाख १३ हजार तीन सय ३५ कित्ता शेयर किनबेच भएको छ ।

## सिन्धुपाल्चोकमा प्रथम क्यानोनिङ फेस्टिभल

■ दिपा सुनुवार

**सिन्धुपाल्चोक-** प्रथम क्यानोनिङ फेस्टिभल-२०२५ सफलतापूर्वक सम्पन्न भएको छ । साहसिक र रोमाञ्चक खेल क्यानोनिङ प्रवर्द्धन गर्ने उद्देश्य राख्दै बोर्डरल्याण्डस् इको एडभेन्चर रिसोर्टले सिन्धुपाल्चोकको बोर्डरल्याण्डमा रहेको केनौपाँच र वर्ल्ड जम्बोमा उल्लेखनीय सहभागीहरूका उपस्थितिमा तीन दिने प्रथम क्यानोनिङ फेस्टिभल-२०२५ सफलतापूर्वक सम्पन्न गरेको हो ।

हिमाल, पहाड र तराई मिलेर बनेको नेपाल अनेकौं सस्कृति र सत्कारको थलो हो । विश्वमा ८,००० मिटरभन्दा अग्ला १४ शिखरहरूको थलो, ऐतिहासिक पदमार्गहरू र हरियाली जंगलहरूको देश, साहसिक खेलप्रेमीहरूका लागि उपयुक्त गन्तव्य मानिन्छ । ट्रेकिङ, पर्वतारोहण र ऱ्याफ्टिङ जस्ता गतिविधिहरू प्रख्यात भए पनि हालका दिनमा नयाँ साहसिक खेल क्यानोनिङलाई प्रवर्द्धन गर्ने पहलहरू थालिएको छ ।

नेपालमा साना तथा ठूला गरी छ हजारभन्दा बढी नदीहरू रहेका छन् भने एक सय मिटरभन्दा अग्ला झरनाहरूको प्रशस्तै भेटिन्छन् । त्यस्ता झरनाहरूमध्ये केहि प्रख्यात झरनाहरूमा तेह्रथुमको ह्यांगे ,म्याग्दीको रूपसे,पर्वतको देविस्थान, लमजुङको बहुनडाँडा, रोल्पाका सिल्वाङ, सिन्धुपाल्चोकको पञ्चपोखरी, काभ्रेको तादे झरना, चितवनको जलबिरे झरना नेपालमा निकै प्रख्यात छन् । यी स्रोतहरूलाई व्यवसायिक रूपमा प्रयोग गर्न सकिए राष्ट्रको अर्थतन्त्रमा निकै टेवा पुग्ने सम्भावना बोकेको छ ।

क्यानोनिङ, जसमा ढुंगा चढ्ने, पौडिने र नदीका खोँचहरूमा र्यापेलिङ गर्ने विधिहरू समावेश हुन्छने् । यो युरोपमा अत्यधिक लोकप्रिय खेल हो । नेपालमा भने प्रशस्त नदीहरू र खोँचहरू भए पनि यो खेल अझै पनि कमै मात्र प्रचलनमा छ । हालै बोर्डरल्याण्डस् इको एडभेन्चर रिसोर्टले जुन फेब्रुवरी २८ देखि मार्च २ सम्म पहिलो क्यानोनिङ फेस्ट-२०२५ आयोजना गरी सम्पन्न गरेको छ । नेपालका अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त क्यानियोनङ गाइडहरू र विभिन्न जिल्लाबाट सहभागीहरू यस कार्यक्रममा उपस्थित भएका थिए ।




### क्यानोनिङको सम्भावना र चुनौतीहरू

क्यानियोनङ गाइड र विज्ञहरूका अनुसार नेपालमा क्यानोनिङको सम्भावना अपार छ। तर व्यवसयिक र रणनीतिक रूपमा प्रवर्द्धन गरिएमा मात्र यस खेलले नेपालका साहसिक पर्यटनमा नयाँ क्रान्ति ल्याउन सक्ने सम्भावना बोकेको छ ।

नेपालमा क्यानोनिङको प्रवेश सन् १९९६ मा बोर्डरल्याण्डस् इको एडभेन्चर रिसोटका सञ्चालक मेघ आलेले अष्ट्रियाबाट तालिम लिएर फर्किएपछि भएको थियो । सुरुमा विदेशी प्रशिक्षकहरूबाट प्रशिक्षण लिइए पनि अहिले भने थुप्रै नेपाली साहसिक खेलाडीहरूका रूपमा यस खेलमा सक्रिय रहेका छन् ।

नेपाल नदी संरक्षण (एनआरसिटी)का अध्यक्ष तथा कर्णाली रिभर वाटरकिपरसमेत रहे रिसोर्टका सञ्चालक आलले उत्सवका क्रममा सहभागीहरूको सुरक्षालाई प्राथमिकतामा राखिएको बताए । 'क्यानोनिङ गर्दा पानीको बहाव, भौगोलिक स्थिति र खेलाडीहरूको सुरक्षामा विशेष ध्यान दिएका छौं । सहभागी सबैले हेल्मेट,वेट सुट,हार्नेस,जुत्ता अनिवार्य लगाउनुपर्छ । वसन्त ऋतुमा नेपालमै पहिलोपटक व्यापक कार्यक्रमसहित क्यानोनिङ उत्सव अयोजना गरेका हौँ,' उनले भने ।

उनका अनुसार नेपालमा साहसिक खेलहरू दिनप्रतिदिन लोकप्रिय बन्दै गइरहेका छन् । साहसिक खेलप्रेमीहरूका लागि पर्वतारोहण, पदयात्रा, ऱ्याफ्टिङ मात्र नभई क्यानोनिङ पनि आकर्षक गन्तव्य बन्दै गएको उनको अनुभव छ । 'साहसिक खेलप्रति बढ्दो आकर्षणले आगामी दिनमा यस क्षेत्र अझै व्यावसायिक हुने आशा जगाएको छ,' आलेको भनाइ छ ।

क्यानोनिङ प्रशिक्षक तथा फेस्टको निर्देशक एवम् संयोजक मदन मगरले भने 'हाम्रो उद्देश्य साहसिक खेलप्रेमीहरूलाई सुरक्षित रूपमा क्यानोनिङको अनुभव प्रदान गर्नु मात्र होइन, यो खेललाई थप प्रवर्द्धन गर्दै जानु पनि हो ।' संयोजक मगरका अनुसार नेपालमा हालसम्म केही स्थानहरूमा मात्र क्यानोनिङ व्यावसायिक रूपमा सञ्चालन गरिएको छ । भोटेकोशी उपत्यकामा मात्र नौभन्दा बढी क्यानोनिङ स्थलहरू छन् । मगरका अनुसार फेस्टको उद्देश्य यस्ता स्थानहरूलाई प्रवर्द्धन गर्दै नेपालको अपार सम्भावना भएका गन्तव्यहरूलाई विश्वस्तरमा चिनाउनु हो ।

### रोकावट र सुधारका उपायहरू

अर्का साहसिक खेल प्रशिक्षक अर्जुन तामाङले भने,'नेपालका भौगोलिक विशेषताले क्यानोनिङको लागि उपयुक्त खेलमैदान प्रदान गरिएको भए पनि पछिल्ला दिनहरूमा जलविद्युत आयोजना तथा क्रसर उद्योगहरूले यी नदीहरूलाई नष्ट गरिरहेका छन् ।' तामाङ भन्छन्, 'जलविद्युत आयोजनाका कारण कतिपय क्यानोनिङ स्थलहरू ढुंगा खस्ने जोखिममा परेका छन् । साथै, केही ठाउँहरूमा फोहोर फाल्ने ठाउँमा परिणत भएपछि यी क्षेत्रहरू प्रयोगविहीन भएका छन्' ।

### सरकारी र संस्थागत पहलको अभाव

'कोशी प्रदेशमा मात्र तीन प्रमुख क्यानोनिङ स्थलहरू भए पनि पर्यटकहरूको न्यून उपस्थितिले यस क्षेत्रको सम्भावनालाई रोक लगाइरहेको छ ।' धरानका क्यानोनिङ गाइड मोहनसिंह लिम्बूले बताए । उनले भने,'स्थानीय सरकार र सम्बन्धित निकायहरूको प्रचारप्रसारको अभावका कारण यो खेल अझै लोकप्रिय हुन सकेको छैन ।'

लिम्बूका अनुसार राष्ट्रिय स्तरको प्रमाणित गाइड लाइसेन्सको अभाव हुनु पनि यो क्षेत्रको लागि अर्को प्रमुख समस्या हो । लिम्बु भन्छन्, 'अहिले पनि धेरै क्यानोनिङ गाइडहरू विदेशी संस्थाबाट प्रमाणपत्र प्राप्त गरेका छन् । तर, सीटीईभीटीबाट तालिम लिएका प्रशिक्षकहरूलाई आधिकारिक लाइसेन्स दिन नसक्दा खेलप्रेमीहरूमा विश्वासको कमी देखिएको छ ।'

### भविष्यका सम्भावनाहरू

यस खेललाई अगाडि बढाउनका लागि स्थानीय तथा राष्ट्रिय स्तरमा ठोस रणनीति आवश्यक रहेको संयोजक मगर बताउँछन् । 'हामी शैक्षिक संस्थाहरूसँग छलफल गर्दैछौं, जसले गर्दा योग्य तथा दक्ष प्रशिक्षक उत्पादन गर्न सकियोस्'उनले भने ।

चितवनका साहसिक खेल प्रशिक्षक मनोज गुरूङका अनुसार चितवनमा १५ देखि २५ मिटर उचाइका झरनाहरू पाइन्छन् । 'जलबिरे झरनाजस्ता स्थानहरूलाई पार्कका रूपमा विकास गर्ने प्रयास भइरहेको छ, तर यदि क्यानोनिङलाई प्रवर्द्धन गर्न सकियो भने पर्यटन प्रवर्द्धनका लागि नयाँ सम्भावना खुल्नेछ' उनले भने । सोही क्षेत्रको गाति युवा क्लबका पूर्वअध्यक्ष ईश्वर श्रेष्ठ भन्छन्, 'भोटेकोशी उपत्यकामा रहेको जलस्रोतको सही सदुपयोग गर्दै क्यानोनिङ प्रवर्द्धन गर्न सके यसले स्थानिय युवाहरूलाई रोजगारी र आयआर्जनको अवसर दिन सक्छ ।'

उनका अनुसार यस क्षेत्रकै लागि भनेर निरन्तर रूपमा काम गर्न एक त प्रचारप्रसारको नै कमि छ र अर्को विकासका पूर्वधार कमजोर रहेको छ । उनका अनुसार स्थानीय सरकारको सहयोगमा क्लबले झन्डै ३ लाख रूपैयाँ बराबरको क्यानोनिङ उपकरण खरिद गरिसकेको छ । तर साहसिक पर्यटकहरूको पातलो सहभागीतका कारण स्थानीय गाइडहरू यस कामलाई छोडेर आयस्रोतका लागि अन्य क्षेत्रमा लाग्नुपर्ने अवस्था सिर्जना भएको पाइन्छ ।

उक्त फेस्टिभलमा स्थानीय गाउँ लिस्तीबाट आएकी सहभागी पेम्बा तामाङले भनिन्, 'मैले यो समयलाई कुरिरहेको थिएँ । पहिले साथीहरूले गरे म छुटेँ । मैले क्यानोयिनिङ भयो भने मलाई जसरी पनि बोलाउनु म आउँछु यहाँ पनि भनेको थिएँ । मेरो आफन्तले यहाँ क्यानोयिनिङ हुँदैछ खबर दिनुभयो र आएँ ।' पेशाले शिक्षिका भएर पनि यो सहासिक खेलमा रम्न उनी बोर्डरल्याण्ड झरिन् । अनुभव सुनाउँदै भनिन्, 'सुरुको झरनामा झरन निकै डर लाग्यो । अगाडि ऐउटा मिस जानु भएको थियो । म पनि उहाँपछि झरेँ । पहिलोचोटि झरेको सानो खोल्साको झरना तर चिसो पानीमा डर लाग्दै झरेँ । पछि तलको झरना निकै अप्ठ्यारो थियो तै पनि सहासकासाथ झरेँ ।' आफ्नै गाउँठाउँको झरनामा यसरी नि झरिन्छ जस्तो लागेको थिएन पहिलो पटक क्यानोनिङ गर्दा निकै मज्जा आएको उनले बताइन् । विद्यार्थीहरूलाई सहासिक बनाउन आफै पनि सहासिलो बन्नु जरुरी भएकोले हामी यो फेस्टभलमा सहभागी हुन आएका हौं अर्का लिस्तीकै अर्का शिक्षकले बताए ।

नेपालमा साहसिक पर्यटनको एक नयाँ ढोका खोल्न सक्ने क्यानोनिङ खेललाई सरकारले संरक्षण र प्रवर्द्धन गर्न आवश्यक देखिन्छ । यदि रणनीतिक रूपमा सही कदम चालियो भने नेपालले विश्वस्तरमा क्यानोनिङ गन्तव्यको रूपमा पहिचान बनाउने सम्भावना पोख्त छ ।

## 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार्ने अध्यादेश'

**काठमाडौं (प्रस)-** प्रतिनिधिसभाको आजको बैठकले 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' लाई स्वीकृत गरेको छ । बैठकमा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको उक्त प्रस्तावलाई बैठकको बहुमतले स्वीकृत गरेको हो ।

यसअघि नेकपा (माओवादी केन्द्र) का सांसद रणेन्द्र बरालीले 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकृत गरियोस्' भन्ने सूचनालाई बैठकको बहुमतले अस्वीकृत गरेको छ । अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै उपप्रधानमन्त्री पौडेलले आर्थिक तथा व्यावसायिक वातावरण सुधार गर्न, लगानी अभिवृद्धि गर्नेगरी सरकारले विधेयक ल्याएको स्पष्ट पारे ।

'विदेशी लगानी अनुकूल वातावरण बनाउने सरकारको मनसाय हो', उपप्रधानमन्त्री पौडेलले भने, 'राष्ट्रिय हितका लागि प्राथमिकता र आवश्यकताका क्षेत्रमा विदेशी लगानी भित्र्याउने, रोजगारी बढाउने, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै ज्ञान तथा सीप हस्तान्तरण गर्ने र देश आर्थिक रूपमा सबल हुँदै अघि बढने अनुकूल वातावरण सिर्जना गर्नका लागि अध्यादेश पास हुनुपर्छ ।'

उनले कालोबजारी ऐनमा रहेको विद्यमान प्रबन्धलाई केही संशोधन गरी उपभोक्ताको हकमैत्री बनाउने गरी विधेयक ल्याइएको बताए । यसअघि अध्यादेश अस्वीकृत गरियोस् भन्ने सूचना प्रस्तुत गर्दै सांसद बरालीले व्यावसायिलाई लाभ हुने गरी अध्यादेश आएको जिकिर गरे । अध्यादेश संसदीय मर्यादाको हितविपरीत आएको दाबी गर्दै राज्यको कोष सबल पार्नुपर्ने आवश्यकता औँल्याए । उक्त अध्यादेश अस्वीकार गरियोस् भन्ने सूचनाका सम्बन्धमा माओवादीकै नारायणी शर्माले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विरोधको सूचनाको समर्थन जनाए ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद भानुभक्त जोशीले अध्यादेश संसद् छलेर ल्याइएको भन्दै अध्यादेश अस्वीकारको प्रस्तावलाई स्वीकार गरे । 'संसद्लाई छलेर अध्यादेश ल्याइएको छ', उनले भने, 'यदि जनताको समस्या समाधान गर्न कुरामा यो आवश्यक भएको भए हामी छोटो अवधिमा अहोरात्र खटेर लाग्ने थियौं । एक महिनासम्म दबाएर राख्नुपर्ने अवस्था आउने थिएन ।' सांसद प्रेम सुवालले अध्यादेशको औचित्यमाथि प्रश्न गरेका थिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ